का.जि.प्र.का.द.नं. १००/०५९/६०

□ वर्ष १८, अंक ४०
□ २८ फागुन २०७६, बुधबार
□ 11 March 2020, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

# दक्षिणपन्थी रुझान

**प्रमुख दलकै कतिपय नेताहरूमा धर्म निरपेक्षताप्रति अरूचि देखिँदै गर्दा पूर्वपञ्चहरूको पार्टी राप्रपा र राप्रपा संयुक्तको एकीकरणले थप बल पुग्ने देखिन्छ। नेपाली काँग्रेसका महामन्त्री शशांक कोइरालालगायत नेताहरूले भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटवार्ता गरे भने साझा पार्टीले धर्म निरपेक्षताबारे जनमत संग्रहको माग गर्‍यो।**










**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

साझा पार्टीले धर्म निरेपक्षताबारे जनमत संग्रहको माग गरेको एक हप्ता नबित्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संयुक्त बीच पार्टी एकता गर्ने घोषणा भएको छ। शुक्रबार पार्टी एकीकरणको घोषणा गर्ने दुवै पार्टीका नेताहरुले तयारी गरेका छन्। एकीकृत पार्टीको नाम राप्रपा नै हुनेछ भने झण्डा कमल थापाको पार्टीले प्रयोग गरिहेको गाईं अंकित नै हुनेछ। अध्यक्ष भने तीन जना हुनेछन्- कमल थापा, पशुपति शमशेर राणा र प्रकाशचन्द्र लोहनी।

पार्टी एकीकरणको सहमति लगत्तै राप्रपाका अध्यक्ष कमल थापाले उत्साहित अभिव्यक्ति दिइरहेका छन्। उनले सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै भरपर्दो वैकल्पिक राजनीतिक शक्ति तयार भएको प्रतिक्रिया दिएका छन्। एकीकृत पार्टीले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र मानेर अगाडि बढ्ने सहमति भएको छ।

२०७४ को निर्वाचनमा अपेक्षित जनमत नपाएका थापा-राणा-लोहनीबीच पार्टी बलियो बनाउन एकता घोषणा गर्ने तयारी भइरहेको छ। अर्कातर्फ प्रमुख दलकै नेताहरुमा समेत धार्मिक रुझान बढेर गएको देखिन्छ। नेपाली काँग्रेसका महामन्त्री शशांक कोइराला लगायत नेताहरुले भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटवार्ता गरेका थिए।

हिन्दू राष्ट्र हुनुपर्ने माग राख्दै आएका महामन्त्री कोइरालाले पार्टीका अन्य नेताहरुलाई समेत आदित्य नाथसँग भेट गराएका छन्। आदित्यनाथले हिन्दू धर्मको आवरणमा मुख्यमन्त्री जितेका थिए र सीमावर्ती मुलुक नेपालमा पनि हिन्दू सापेक्ष संविधानको पक्षमा वकालत गर्दै आएका छन्। आफूलाई वैकल्पिक पार्टीको नाममा स्थापित साझा पार्टीले पनि महामन्त्री कोइरालाले निकै पहिलेबाट भन्दै आएको मत नै स्वीकार गर्ने देखिएको छ। उसले धर्म निरपेक्षताबारे जनमत संग्रहको माग गरेको छ।

सत्तारुढ दल नेकपाका कतिपय नेताहरुमा समेत धार्मिक रुझान देखिन्छ। पशुपतिको आरतीमा राष्ट्रियगान बजाउने निर्णयका कारण विवादित बनेको नेकपा सरकारका अन्य गतिविधि पनि धर्म निरपेक्षताको खिलाफमा देखिन्छ। संघीयताबारे प्रदेशका मन्त्रीहरुले नै प्रश्न उठाउँदै आएको छ। अर्थात्, नेपालको संविधान २०७२ को भावना बिपरीत दलहरुमा दक्षिणपन्थी रुझान बढेर गएको प्रष्ट संकेत देखिएको छ।

**१. राप्रपा र राप्रपा संयुक्त बीच हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रको एजेण्डा उठाउने उद्देश्यले पार्टी एकीकरणको सहमति गर्दै पशुपति शमशेर राणा, डा.प्रकाशचन्द्र लोहनी र कमल थापा (बायाँबाट)।**
**२. सद्‌गुरूसँग सत्तारूढ नेकपाका शीर्ष नेताहरू केपी शर्मा ओली, पुष्पकमल दाहाल, झलनाथ खनाल, माधवकुमार नेपाल लगायत बालुवाटारमा।**
**३. भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ सँग नेपाली काँग्रेसका महामन्त्री शशांक कोइराला सहित नेताहरू।**

# 'अत्यावश्यक वस्तुबारे आत्तिनु पर्दैन'



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन।

नेपालमा संक्रमण नरहेको कोरोना भाइरसको अनावश्यक त्रासका कारण अत्यावश्यक वस्तुको अभाव हुने आशंका उब्जाउन जरुरी नभएको सरकारले प्रष्ट पारेको छ। सरकारले ६ महिनासम्म पुग्ने अत्यावश्यकीय वस्तु मौज्दात रहेको भन्दै सर्वसाधारणलाई आश्वस्त पारेको हो।

खरिद गर्ने मान्छेले एक महिनालाई चाहिने औषधि चार महिनाको किनिदियो भने हिसाब नमिल्ने भन्दै सरकारका प्रवक्ता डा.युवराज खतिवडाले खाद्यान्न र औषधि झण्डै छ महिनाका लागि पुग्ने र इन्धन तीन महिनालाई पुग्ने गरी मौज्दात रहेको जानकारी दिनुभयो। कृत्रिम अभाव सिर्जना गर्ने र अस्वभाविक मूल्य असुल गर्नेलाई सामाजिक अपराधका रुपमा कारवाही गर्नेसमेत सरकारले चेतावनी दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा बसेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकमा औषधिलगायत अत्यावश्यक वस्तुको आपूर्तिको सम्बन्धमा सरोकारवालासँग छलफल भएको थियो। उक्त समितिको संयोजकमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेल हुनुहुन्छ। समितिको यो तेस्रो बैठक हो। यसअघि फागुन २२ मा बसेको दोस्रो बैठकले कोरोना भाइरस भित्रिन नदिन गरिएको विगतको प्रयासको समीक्षा गर्दै थप उच्च सतर्कता अपनाउने निर्णय गरेको थियो। सरकारले कुनै समस्या परेमा तत्कालै खटिने गरी मुख्य सचिवको नेतृत्वमा 'एक्सन कमिटी' बनाइसकेको छ।

अर्थमन्त्री एवं सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमेत रहेका सरकारका प्रवक्ता डा खतिवडाले वस्तुको अभाव हुने भनेर फैलाइएको अनावश्यक हल्लाको पछि नलाग्न नागरिकलाई अनुरोध गरे। बैठकपछि सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिँदै मन्त्री खतिवडाले अन्य वस्तुमा समस्या छैन, केही औषधिजन्य वस्तुमा भारतले प्रतिबन्ध लगाएको सन्दर्भमा भन्सार विन्दुमा आएको वस्तु छुटाउने र अन्य बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्री सामान्य बन्न ६ महिना

**प्रधानमन्त्रीका निजी चिकित्सक दिव्या शाहले प्रधानमन्त्री ओलीको स्वास्थ्य अवस्था सामान्य मान्छेको जस्तै बन्न ६ महिना लाग्न सक्ने बताएकी छन्।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

दोस्रो पटक मिर्गौलाको प्रत्यारोपण गराएका प्रधानमन्त्री केपी शर्मा ओली सामान्य मान्छेहरु जस्तै सक्रिय हुन कम्तिमा ६ महिना लाग्ने चिकित्सकहरुले जनाएका छन्। फागुन २१ गते मिर्गौला प्रत्यारोपण गराएका प्रधानमन्त्री ओलीको अवस्था सामान्य हुन ६ महिनादेखि एक वर्षसम्म लाग्ने प्रधानमन्त्रीका निजी चिकित्सवक दिव्या शाहले बताइन्। मिर्गौला प्रत्यारोपण पछि हरेक दिन मिडिया ब्रिफिङ गरिदै आएको छ। प्रधानमन्त्रीका निजी चिकित्सक शाहले प्रधानमन्त्री ओलीले कम्तिमा एक महिना सावधानी अपनाउनुपर्ने बताइन्। "अवस्था हेर्दा चाँडै डिस्चार्ज गर्न सक्छौं। भोलि नै पर्सि नै भनेर मिति तोक्न सकिँदैन तर, छिटो भन्दा छिटो डिस्चार्ज हुन्छ", उनले भनिन्।



डिस्चार्जपछि घरमा अस्पतालको जस्तै व्यवस्थापन गर्नुपर्ने भएकाले केही अस्पतालमै रहने पनि उनले बताइन्। औषधिको डोज बढी भएकाले संक्रमणको खतरा भएपनि पहिले पनि प्रत्यारोपण गरेको र परिवारलाई त्यसबारे ज्ञान भएकाले संकट नआउने उनले बताइन्।

"सुरुमा अलिकति सावधानी अपनाउनुपर्छ पहिलो १ महिना खासगरी। औषधिको डोज बढी भएकाले संक्रमणहरुको सम्भावना रहन्छ। तर उहाँले पहिले पनि प्रत्यारोपण गरेको र परिवारलाई पनि यस सम्बन्धि ज्ञान भएकाले यसमा त्यती संकट नआउला त्यही पनि उहाँले पुरै पब्लिक भएर भीडभाडमा जान हामी सल्लाह दिँदैनौं। आफ्नो दैनिक काम सचिवालयबाट गर्न सक्नुहुन्छ", उनले भनिन्।

उनले रुघाखोकी र अरु संक्रमण भएका व्यक्तिहरुबाट जोगिनुपर्ने बताइन्। २०६४ साउनमा भारतको एपोलो अस्पतालमा प्रधानमन्त्री ओलीले पहिलो बाँकी पृष्ठ २ मा

# मलेसियामा नयाँ श्रममन्त्री आएपछि उत्साह

## पूर्वमन्त्रीले जस्तो दिक्क नपार्नुस् : ट्रेड युनियन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

मलेसियाका निवर्तमान मानव संसाधानमन्त्री एम.कुला सेगारनको कार्यकालमा त्यहाँका ट्रेड युनियनसँग उनको सम्बन्ध सुमधुर रहेन। नेपालका निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टसँग वैदेशिक रोजगार व्यवसायी चिढिएजस्तै त्यहाँका ट्रेड युनियन पनि श्रममन्त्रीसँग बेखुस थिए। संयोग नै मान्नुपर्छ लगभग उति नै समय मन्त्रीको जिम्मेवारी सम्हालेका मन्त्री हटेर नयाँ मन्त्री इन्ट्री हुँदा उस्तै प्रकृतिको उत्साह दुवै देशमा छाएको छ।

मलेसियाली ट्रेड युनियनहरूले त्यहाँका नवनियुक्त मानव संसाधनमन्त्री दातुक सेरी एम सारावानलाई बधाई दिँदै मजदुरको पक्षमा काम गर्न सुझाव दिएका छन्।

मलेसियामा सोमबार भएको मन्त्रिपरिषद् गठनमा जातीय भारतीय राजनीतिक पार्टी एमआईसीका उपाध्यक्ष सारावान मानव संसाधन मन्त्रीमा नियुक्त भएका थिए। उनी अघिल्ला प्रधानमन्त्री नजीव रजाकको सरकारमा युवा तथा खेलकुद मन्त्री थिए।



मलेसियाका मजदुरहरूको आधिकारिक संस्था मलेसियन ट्रेड युनियन कांग्रेस (एमटीयूसी) ले नवनियुक्त मानव संसाधन मन्त्री सारावाननलाई बधाई दिँदै भनेको छ, हामीले उहाँसँगको सम्बन्ध कम द्वन्द्वपूर्ण हुनेछ भन्ने आशा राखेका छौं।

मलेसियामा स्वदेशी तथा विदेशी कामदारहरूको ज्याला निर्धारण गर्ने मुख्य भूमिका त्यहाँको मानव संसाधन मन्त्रालयको हुने गरेको छ। करिब ५ लाख नेपाली कार्यरत रहेको मलेसियामा त्यहाँको सरकारले लिने निर्णयले नेपाली कामदारसमेत प्रभावित हुन्छन्।

नेपालका निवर्तमान श्रममन्त्री गोकर्ण विष्टझैं मलेसियाका निवर्तमान मानव संसाधानमन्त्री एम.कुला सेगारनको एकलौटी निर्णय गर्ने प्रवृत्तिले मजदुर युनियन र उनीबीचको सम्बन्ध अत्यन्तै खराब अवस्थामा पुगेको स्मरण गराउँदै बधाई सन्देशमा एमटीयूसीले भनेको छ- कुलसेगरनले अनावश्यक रूपमा धेरै नीति संशोधन गरी खराब कानूनमार्फत मजदुरहरूका अधिकारमाथि 'बुलडोजर' नै चलाएको टिप्पणी गरेको छ।

उसले भनेको छ, 'यस सन्दर्भमा हामी मन्त्रीलाई आग्रह गर्दछौं कि अत्यधिक बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कतारको श्रमस्वीकृति बन्द

**काठमाडौं/मस**–सरकारले कतारको श्रमस्वीकृति बन्द गरेको छ। कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणका कारण नेपालसहित १४ देशका नागरिकलाई कतारले रोक लगाएको भोलिपल्ट वैदेशिक रोजगार विभागले श्रमस्वीकृति बन्दको निर्णय गरेको हो।

वैदेशिक रोजगार विभागको काठमाडौं कार्यालयका प्रमुख उमेश बस्नेतले श्रमका लागि कतार जाने नेपालीको श्रमस्वीकृति अर्को व्यवस्था नभएसम्मका निम्ति मंगलबारदेखि बन्द गरिएको बताए।

'कतारले कोरोनाभाइरसको संक्रमणका कारण नेपालसहित विभिन्न १४ देशका नागरिकलाई प्रवेशमा अस्थायी रोक लगाएकाले हामीले पनि त्यहाँ जाने नेपालीको श्रमस्वीकृति स्थगन गर्ने निर्णय गरेका छौं,' कार्यालय प्रमुख बस्नेतले मध्यान्हसँग भने।

बन्द गरिएको श्रमस्वीकृति कहिलेबाट खुला हुन्छ भन्नेबारे भने बस्नेतले केही बताएनन्। कार्यालयद्वारा जारी सूचनामा पनि यसबारे केही खुलाइएको छैन।

हाल उक्त कार्यालयमार्फत संस्थागत, व्यक्तिगत, बाँकी पृष्ठ २ मा

# अब सरकारले क्वारेन्टाइनमा राख्दैन: मन्त्री ढकाल

चीनको वुहानबाट फैलिएको कोरोना भाइरस विश्वको ११० देशमा फैलिसकेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। यो भाइरसबाट अहिलेसम्म एक लाख १३ हजार ६७२ प्रभावित भएका छन् भने सङ्क्रमित मध्ये चार हजार १२ को मृत्यु भइसकेको छ। नेपाल सरकारले पनि यो संक्रमणको प्रकोप रोकथाम गर्ने विभिन्न गतिविधि तीव्र बनाएको छ। राजनीतिक दलहरुको गतिविधि रोकिएको छ भने खेलकुद जस्तो धेरै मानिस जमघट हुने कार्यक्रम स्थगित भएको छ।

सोमबार र मंगलबार होली पर्व समेत सचेततापूर्वक मनाइएको छ। प्रदेश नम्बर एकले उदयपुरमा संक्रमित देखिएमा राख्न क्वारेन्टाइन समेत निर्माण गरिसकेको छ। तर, संघीय सरकारका स्वास्थ्य मन्त्री भानुभक्त ढकालले भने कुनै व्यक्तिमा कोरोना भाइरस देखिए आफैं क्वारेन्टाइनमा बस्नुपर्ने बताएका छन्।

राष्ट्रिय युवा संघ नेपालले बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री ढकालले चीनबाट विद्यार्थी ल्याएर क्वारेन्टाइनमा राखे जसरी अरुलाई नराखिने बताए। मन्त्री ढकालले विश्व स्वास्थ्य संगठन डब्लुएचओको मापदण्डअनुसार व्यक्ति आफैं क्वारेन्टाइनमा बस्नुपर्ने बताए। ज्वरो र रुघाखोकी देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराउने व्यवस्था सरकारले गर्ने मन्त्री ढकालले बताए। कुनै व्यक्तिमा संक्रमण देखिए त्यसको जिम्मा सरकारले लिने मन्त्री ढकालको भनाइ छ।

ठूलो समूहमा क्वारेन्टाइनमा राख्नुपर्ने अवस्था आएमा मात्रै सरकारले खरीपाटी क्वारेन्टाइनमा राख्ने उनले बताए। विभिन्न ८ मुलुकबाट आउने नागरिकलाई स्वास्थ्य परीक्षण गरेर मात्रै स्वदेश आउन दिइने भएको छ। मन्त्री ढकालले ७ दिन अगाडि कोरोनाको संक्रमण रहे वा नरहेको स्वास्थ्य जाँच गरेर मात्रै स्वदेश आउन दिइने उनले बताए। "विभिन्न देशबाट स्वदेश आउनेले १४ दिन क्वारन्टाइनमा बसेपछि मात्रै सामाजिक जीवनमा संलग्न हुन पाउँछ। क्वारेन्टाइन भन्ने वित्तिकै मान्छेहरूले हिजो चीनबाट विद्यार्थी ल्याएर सरकारले गर्ने, सरकारकै व्यवस्थापनमा गर्ने भन्ने कुरा नगरौं। अब सेल्फ क्वारेन्टाइनमा मान्छेहरू बस्नुपर्छ", मन्त्री ढकालले भने। युवा संघले सामाजिक सञ्जाल र विभिन्न आमसञ्चार माध्यमबाट अड्कल बाजीमा सूचना सम्प्रेषण भइरहेकाले आधिकारिक सूचना जारी गर्ने व्यवस्थाको माग गरेका थिए।

म्यानपावर विक्रिमा
चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको साउदी ID भएको मेनपावर विक्रिमा भएकाले लिन ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला।
सम्पर्क : ९८१८०८९२१०

तु. आवश्यकता
Public Relation Officer/Marketing-2 Male
Receptionist - 1 Female
JOBTRACK
Recruitment Pvt. Ltd.

# पोखरा विमानस्थलका ७१ चिनियाँ कामदार सेल्फ क्वारेन्टाइनमा

**पोखरा/रासस-** निर्माणाधीन पोखराको क्षेत्रीय विमानस्थलमा कार्यरत ७१ चिनियाँ कामदारलाई सेल्फ क्वारेन्टाइनमा राखिएको छ । विमानस्थलमा हाल १९० चिनियाँ कामदार कार्यरत छन् ।

क्वारेन्टाइनमा राखिएका ७१ कामदार केही पुराना र केही नयाँ कामदार रहेको विमानस्थल प्रमुख विनेश मुनाकर्मीले जानकारी दिए । कोरोना संक्रमण देखिएपछि स्वास्थ्य सतर्कतालाई विशेष ध्यान दिएको र स्वयं कामदार पनि स्वास्थ्यप्रति सचेत रहेकाले नेपाल आएपछि पनि थप १० दिन सेल्फ क्वारेन्टाइन बस्ने गरेको उनले जानकारी दिए ।



प्रमुख मुनाकर्मीले भने, 'चीनबाट आउनुभएका नयाँ पुराना कामदार त्यहाँ पनि १४ दिन क्वारेन्टाइनमा बसेर र हेल्थ सर्टिफिकेट लिएर आउनुभएको छ । नेपाल आएपछि पनि सेल्फ क्वारेन्टाइनमा बसेर काममा फर्कनुहुन्छ ।' यसअघि पनि ३६ चिनियाँ कामदार सेल्फ क्वारेन्टाइनमा बसेर काममा फर्किएको र अहिले ७१ पनि त्यसरीनै सेल्फ क्वारेन्टाइनपछि काममा फर्कने उनको भनाइ छ । उनीहरु यही फागुन २१, २२, २३ गते चीनबाट नेपाल आएका थिए ।

सन् २०२१ जुलाईमा सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त विमानस्थलको हाल ५५ प्रतिशत काम सम्पन्न भएको प्रमुख मुनाकर्मीले जानकारी दिए । सम्पन्न मितिको छ महिनाअगावै ९५ प्रतिशत मुख्य काम सकिने उनले जानकारी दिए । हाल निर्माणाधीन विमानस्थलमा क्वारेन्टाइनमा राखिएकाबाहेक १९० चिनियाँ र २८० नेपाली कार्यरत छन् । हाल देखिएको कोरोना संक्रमणका कारण एक महिना राम्रोसँग काम हुन नसकेको उनको भनाइ छ ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा विनोद विन्दु शर्माले चिनियाँ कामदारको अवस्था सामान्य रहेको र थप सतर्कताका लागि मात्र १० दिन क्वारेन्टाइनमा राख्ने गरेको जानकारी दिए । हाल कोरोना भाइरस र पूर्वरोकथामको लागि १० विषयगत समिति बनाएर कार्य विवरणसहित परिचालन गरिएको डा शर्माले बताए ।

यस क्षेत्रका चार अस्पताल जिपी कोइराला स्वासप्रस्वास उपचार केन्द्रमा २०, चरक मेमोरियलमा ३०, गण्डकी अस्पतालमा १५ र मनिपालमा १५ गरी कूल ८० आइसोलेसन बेड तयारी अवस्थामा रहेको जानकारी उनले दिए । पोखरा विमानस्थल र मुस्ताङमा हेल्थ डेस्क राखिएको र गण्डकी प्रदेश हालसम्म सुरक्षित रहको उनको भनाइ छ ।

# प्रदेश नं ५ को कृषि मन्त्रालय र नार्कबीच समझदारी

**काठमाडौं/मस-** प्रदेशभित्र कृषि र पशुपक्षीको विकासमा सहकार्य र साझेदारी गर्ने गरी प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)बीच समझदारी भएको छ ।



नार्कको कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा नेपाल सरकार, कृषि तथा पशुक्षी विकासमन्त्री घनश्याम भुषालको उपस्थितिमा प्रदेश सचिव तेजबहादूर सुवेदी र नार्कका निमित्त कार्यकारी निर्देशक डा दीपक भण्डारीले समझदारीपत्रमा हस्ताक्षर गरे । देशभरमा कृषि क्षेत्रमा अनुसन्धान र प्रविधि हस्तान्तरण गर्दै आएको परिषद्सँग मन्त्रालयले आवश्यक विज्ञ सेवा लिने गरी समझदारी गरेको छ ।

प्रदेशका मन्त्री आरती न्यौपानेले सो समझदारीले प्रदेशको गौरवको आयोजनाका रुपमा रहेको 'स्मार्ट कृषि गाउँ कार्यक्रमलाई सफल बनाउन सहयोग पुग्ने बताए । कृषि क्षेत्रमा स्थानीयस्तरमा स्थानीय सरकार र प्रदेश सरकारले काम गरिरहे पनि प्राविधिक जनशक्तिको अभाव रहेको उनको भनाइ छ । उनले भने, 'किसानका समस्या हल गर्न र प्रदेश सरकारको योजना सफल गर्न यसले सहयोग गर्नेछ ।'

परिषद्का निमित्त कार्यकारी निर्देशक डा. भण्डारीले देश संघीयतामा गएसँगै कृषि प्रविधि कसरी किसानसम्म पुऱ्याउन सकिन्छ भन्ने विषय जल्दोबल्दो विषय बनेको बताए । अहिले नेपाल सरकारभन्दा अरु दुई तह स्थानीय किसानसँग बढी नजिक भइरहेका उनको भनाइ छ । उनले भने, ' किसानलाई प्रविधि दिने कुरामा र मन्त्रालयको कृषि प्रसार सीप बढाउन यसले सहयोग गर्नेछ ।'

प्रदेश सचिव सुवेदीले कृषि प्राविधिकलाई किसानसम्म पुऱ्याउनु चुनौतीको विषय भएको बताए । कृषिको प्रसार गर्ने निकाय र यसको अनुसन्धानमा कार्यरत संस्था मिलेर अघि बढ्दा त्यसले किसानलाई फाइदा पुग्ने उनको भनाइ छ । उनले भने, 'आगामी दिनमा हामीले यहाँका कृषि वैज्ञानिकको अनुभव र ज्ञान लिन सक्नेछौं ।'

सो समझदारीपत्रमा मन्त्रालयले आवश्यक पूर्वाधार निर्माण गर्न, स्मार्ट कृषि गाउँ कार्यक्रमअन्तर्गत विकास र अनुसन्धानका लागि र स्थानीयस्तरमा काम गर्ने प्राविधिकको ज्ञान बढाउन बजेट छुट्ट्याउनुपर्ने उल्लेख छ । मन्त्रालयले किसानलाई लक्षित गरी विभिन्न सभा, सम्मेलन र वैज्ञानिक भेलालगायतका कार्यक्रम गर्ने समझदारीपत्रमा उल्लेख छ । दोस्रो पक्षका रुपमा परिषद्ले कार्यक्रमका लागि आवश्यक बजेट र कार्यक्रमसमेत उल्लेख गरी परियोजना प्रतिवेदन बनाउने उल्लख छ ।

# सामूहिक बलात्कार कसूरमा १० वर्ष कैद

सप्तरी/मस- जिल्ला अदालत सप्तरीले सोह्र वर्षीया किशोरीलाई सामूहिक बलात्कार गरेको कसूरमा चार युवकलाई जनही १० वर्ष कैद सजायको फैसला गरेको छ ।

जिल्ला न्यायाधीश नन्दकिशोरप्रसाद यादवको इजलासले सोमबार शम्भुनाथ नगरपालिका-३ का २० वर्षीय एटलाण्टिक चौधरी, अजयकुमार चौधरी, अर्जुनकुमार साह र २२ वर्षीय मनोजकुमार साहलाई सो सजायको फैसला गरेको हो ।

फरार रहेका आरोपितहरू शम्भुनाथ नगरपालिका-३ का २० वर्षीय बबी चौधरी, १९ वर्षीय मिथिलेशकुमार साह र थेपा भनिने ओमप्रकाश पालको मुद्दा मुल्तबीमा राखिएको छ ।

पीडित युवतीकी आमाले जिल्ला प्रहरी कार्यालयमा विसं २०७४ फागुन २८ गते उजुरी दिएकी थिइन् ।सामूहिक बलात्कारको आरोपमा एटलाण्टिक र अजय घटनालगत्तै पक्राउ परेका थिए भने मनोज र अर्जुन २०७४ चैत २६ गते वारेण्ट जारी भएपछि अदालतमा हाजिर भएका थिए ।

# १७ वर्षदेखि फरार अभियुक्त पक्राउ

सिरहा/मस- कर्तव्य ज्यान मुद्दामा अदालतबाट २० वर्ष कैद सजाय पाएर विगत १७ वर्षदेखि फरार एकसहित तीन जनालाई सिरहा प्रहरीले सोमबार एकै दिन पक्राउ गरेको छ ।

कर्तव्य ज्यान मुद्दामा सिरहा जिल्ला अदालतबाट २० वर्ष कैद सजाय पाएर विसं २०५९ देखि फरार सिरहाको साविक खरुकियाही गाविस-५ हाल लक्ष्मीपुर पतारी गाउँपालिका-५ खरुकियाही निवासी ५५ वर्षीय भोला यादवलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय महेशपुर पतारबाट खटिएको गस्ती टोलीले आफ्नै घरमा लुकीछिपी बसिरहेको अवस्थामा यादवलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

यसैगरी कुटपिट मुद्दामा पुनरावेदन अदालत जनकपुर राजविराजबाट एक महिना १५ दिन कैद र रु ७०० जरिवानाको सजाय पाएर विसं २०६१ देखि फरार सिरहाको प्रपि-७ निवासी ४५ वर्षीय रामअशिष यादवलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको गस्ती टोलीले लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको प्रवक्ता प्रहरी नायब उपरीक्षक घिमिरेले बताए ।

त्यस्तै जिल्ला अदालत सिरहाबाट लेनदेन बिगो मुद्दामा तीन महिना कैद जरिवाना सजाय पाएर फरार सिरहाको अर्नामा गाउँपालिका-५ निवासी ५० वर्षीय भुलनीदेवी सदायलाई पक्राउ गरेको छ । अदालतले लेनदेन बिगो मुद्दामा विसं २०७६ मङ्सिर २० गते सदायलाई कैद सजायको फैसला गरेको थियो । अदालतको आदेशपश्चात फरार सदायलाई इलाका प्रहरी कार्यालय अर्नामाबाट खटिएको गस्ती टोलीले पक्राउ गरेको जनाएको छ । पक्राउ परेका तीनै जनालाई आवश्यक कारवाहीका लागि जिल्ला अदालत सिरहामा पेश गरिएको जनाएको छ ।

# मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २७ फागुन

नवलपरासीको प्रतापपुर-.६, श्रीरामपुरमा सवारी दुर्घटना हुदाँ २ जना गम्भीर घाइते भएका छन । त्रिवेणी झुलनीपुर सडकखण्डअन्तर्गत प्रतापपुरदेखि झुलनीपुर आउँदै गरेको यूपी ५६ वाई ३८३६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको हो ।

दुर्घटनामा प्तापपुर गाउपालिका-९, बेलाटारी बस्ने अन्दाजी ३७ वर्षीय लक्ष्मण हरीजन गम्भीर घाइते भएका छन् । मोटरसाइकलका चालक बर्दघाट नगरपालिका-१३, धनेवाका २७ वर्षीय अनील हरिजन सामान्य घाइते भएको जिल्ला प्रहरी कार्यालय, नवलपरासीले जनाएको छ ।

दुर्घटनाका दुवै घाइतेलाई सहिद स्मृति समुदायिक अस्पताल चौपता पठाइएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## अत्यावश्यक...

विषयमा कूटनीतिक तहमा वार्ता गरी आवश्यकीय वस्तु अभाव हुन नदिन अनुरोध गरिसकिएको छ, त्यसमा पनि अब समस्या नरहेको बताए ।

उक्त बैठकमा उद्योगी, व्यवसायीले सरकारकोतर्फबाट एकीकृतरुपमा वास्तविक सूचना बाहिर नआउँदा बजारमा समस्या आएको बताउनुभएको थियो । सीमानाका र विमानस्थलबाट आवतजावत गर्ने व्यक्तिको स्वास्थ्य परीक्षणलाई व्यवस्थित गर्न व्यवसायीले सरकारसँग अनुरोध गर्नुभएको छ । नेपालबाट विदेश जाने सबै स्वस्थ छन् भन्ने सन्देश विश्वमा पुऱ्याउन जरुरी छ भनेर सरकारको ध्यानाकर्षण गराएको नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले बताए । कोरोनाका बारेमा मनगणन्ते प्रचार रोक्न व्यवसायीले सरकारसँग आग्रह गरेका छन् ।

नेपाली औषधि व्यवसायी सङ्घका केन्द्रीय अध्यक्ष मृगेन्द्र श्रेष्ठले संवेदनशील वस्तु भएकाले औषधिमा कालोबजारी हुन नदिने प्रतिबद्धता जनाए । उनले भने, "अहिले पनि हामीसँग झण्डै पाँच महिनालाई पुग्ने औषधि छ, आत्तिनुपर्दैन ।" बैठकमा सरकारलाई सहयोग गर्न तयार रहेको भन्दै निजी क्षेत्रले प्रतिबद्धता जनाएको छ । मन्त्री खतिवडाले निजी क्षेत्रलाई सहयोग गर्न सरकार तयार रहेको उल्लेख गर्दै व्यावसायिक अनुशासन प्रदर्शन गर्नसमेत निजी क्षेत्रलाई अनुरोध गर्नुभएको छ ।

निजी क्षेत्रले मास्कको उत्पादन बढाएकाले अब त्यसको आपूर्ति सहजतर्फ उन्मुख भएको छ । बैठकमा बढी जोखिम बहन गर्नुपर्ने मान्छेले मात्रै मास्क लगाउनुपर्ने कुरा जनमानसमा सूसुचित गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । निजी क्षेत्रबाट मास्कको थप उत्पादन शुरु भएकाले अब बजारमा अभाव नहुने नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्रेष्ठले बताउनुभयो । सरकरले औषधिजन्य वस्तुमा भारतले केही निकासी प्रतिबन्ध लगाएकोबाहेक भारतबाट हुने आयात स्वभाविक ढङ्गले अघि बढिरहेको मन्त्री खतिवडाले प्रष्ट्याए ।

"अस्वभाविकरुपमा औषधिलगायत खाद्यन्न सञ्चय नगरौँ, ग्याँसको सिलिण्डर घरघरमा जम्मा गरेर जोखिम नबढाऔँ", मन्त्री खतिवडाले भने, "चाहे औषधिजन्य वस्तु होस्, चाहे औद्योगिक कच्चापदार्थ होस्, चाहे उपभोग्य वस्तु होस्, या पेट्रोलियम पदार्थ होस्, कुनैमा समस्या छैन ।" उनले निजी क्षेत्रले पनि सामान बिक्री गर्दा तपाईहरु धेरै नकिन्नुस्, हामीसँग पर्याप्त स्टक छ भनेर उपभोक्तालाई सम्झाउनुपर्ने आवश्यकता औँल्याए ।

वर्तमान अवस्थामा कतिपय वस्तुको उत्पादनमा आत्मनिर्भरतातर्फ जाने महत्वपूर्ण अवसर हो । नेपाल औषधि व्यवसायी सङ्घले ८० प्रतिशतसम्म औषधि स्वदेशमै उत्पादन गर्नसक्ने जनाएको छ । स्वदेशमै औषधि उत्पादन गर्ने हो भने आवश्यक सहयोग गर्न सरकार तयार रहेको भनेर आश्वासन दिइएको डा खतिवडाले बताए ।

विभिन्न खालका सूचनाका कारण कोरोना भाइरसको विषयमा अफवाह फैलिरहेको सन्दर्भमा सरकारले सूचना सम्प्रेषण गर्दा सर्वसाधारणलाई त्रसित हुने गरी नगर्न अनुरोध गरेको छ । स्वास्थ्य मन्त्रालयले स्तरीय मापदण्डको आधारमा सूचना प्रवाह गर्ने भएकाले उक्त सूचनालाई आधिकारिक मान्न मन्त्री खतिवडाले सबैलाई आग्रह गरे ।

कोभिड-१९ को विषयमा सरकारले सबै राजनीतिक दलसँग छलफल गर्ने तयारी गरेको छ । निजी क्षेत्रसँग आवश्यक सहकार्य गरेर अघि बढेको सरकारले राजनीतिक तहमा पनि सहकार्यका लागि सरकारले छलफल गर्न लागेको हो । सरकारले उच्च सावधानी अपनाउँदै आएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वमा ११० देशमा फैलिएको कोभिड-१९ बाट अहिलेसम्म एक लाख १३ हजार ६७२ प्रभावित भएका छन् । भाइरस सङ्क्रमित मध्ये चार हजार १२ को मृत्यु भइसकेको छ ।

## प्रधानमन्त्री...

पटक मिर्गौला प्रत्यारोपण गराएका थिए । तर, उक्त मिर्गौलाले काम नगरेपछि झण्डै एक वर्षदेखि नियमित डायलासिस गराउँदै आएका थिए । गएको मंसिर १० गते एपेन्डिसाइटिसको शल्यक्रिया गराएका प्रधानमन्त्री ओलीले दोस्रो पटक भने नेपालमै प्रत्यारोपण गर्ने निर्णय गरेका थिए । नेपालकै चिकित्सक, उपकरण र अस्पतालमा प्रधानमन्त्री ओलीले प्रत्यारोपण गराएका हुन् । प्रधानमन्त्रीले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा प्रत्यारोपण गराएका हुन् ।

# शल्यक्रिया शिविरमा १५१ को उपचार

सिरहा/मस- सिरहाको लहानस्थित सप्तऋषि अस्पतालको आयोजनामा सम्पन्न निःशुल्क हाडजोर्नी शल्यक्रिया शिविरमा १५१ जनाले स्वास्थ्य सेवा लिएका छन् । लहान नगरपालिका र नेपाल ट्रमा सोसाइटीको समन्वय तथा इम्प्याक्ट नेपालको प्राविधिक सहयोगमा सप्तऋषि अस्पतालद्वारा सञ्चालित पाँच दिने शिविरमा ५७ जनाले निःशुल्क पलास्टर र १७ जनाले निःशुल्क शल्यक्रिया गराएका छन् ।

अन्य ७७ जना बिरामीले निःशुल्क स्वास्थ्य चेकजाँच गराएको सप्तऋषि अस्पतालका मेसु डा सुभाषबाबु साहले जानकारी दिए । शिविरमा हात तथा खुट्टा भाँच्चिएर नजोडिएको अथवा बाँङ्गो भएर जोडिएको, शल्यक्रिया गरेर स्टिल लगाएको तथा निकाल्नुपर्ने अवस्था भएको, हात वा खुट्टा भाँच्चिएर उपचार गराउन नसकेको, शल्यक्रिया गरेर पनि हाड नजोडिएको, हाडजोर्नी सम्बन्धी कुनै पनि किसिमको शल्यक्रिया गर्नुपर्ने लगायतका बिरामीलाई स्वास्थ्यसेवा प्रदान गरेको डा साहले बताए ।

निःशुल्क शिविरमा तीनजना विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीले शल्यक्रिया तथा उपचार सेवा प्रदान गरेका थिए ।


**ओमानमा रोजगार** | कम्पनी : ABDULLAH BIN HASSAN SALEM BAOMAR TRAD. EST. शहर: OMAN

पूर्व स्वीकृत मिति: २०७६/११/२७ चलानी नं.: ६०१५३२२६ LT. No.: 234726

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 3 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Dish Washer | 1 | 0 | | 120 | ३६,९८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1363/074/075
INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.
Sinamangal, Manpower Bazzar, Kathmandu.
Phone No: 01-4481546 Mob: 98018154083, 9815926684, 9803190690



**कतारमा रोजगार** | कम्पनी : AL ATTIYAH ARCHITECTURAL CONSTRUCTION शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२७ चलानी नं.: ६०१५३२४३ LT. No.: 234647

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 75 | 0 | स. काममा दक्ष | 900 | २९,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ५ र ६ गते (18 & 19 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Fine Job Recruitment Pvt.Ltd.
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०३/२८ मा दर्ता भएको **प्रा.लि. नं. १९३११८** को **पाशिभरा निर्माणा सामाग्री एण्ड बालुवा वासीङ उद्योग प्रा. लि.** नामक कम्पनीले दर्ता खारिज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**कतारमा रोजगारको अवसर** | कम्पनी: ANSAR GALLERY शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२३ चलानी नं.: ६०१५३१९४ L.T. No.: 234630

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 12 | 9 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Supervisor | 0 | 1 | | 3000 | ९७,४४० | | | | | | | |
| 3. | Gen Clean Worker | 0 | 1 | | 900 | २९,२३० | | | | | | | |
| 4. | Labourer | 14 | 0 | | 900 | २९,२३० | | | | | | | |
| 5. | Store Keeper | 1 | 0 | | 1900 | ६१,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Nepal Placement Agency Pvt. Ltd.
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851002903
Email: info@npajobs.com, Web.: www.npajobs.com



**साउदीमा रोजगार** | कम्पनी : FAISAL FAHAD HUSSAIN AL KARI CONT.EST शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२७ चलानी नं.: ६०१५३२५६ LT. No.: 232792

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Laborers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Electrician | 1 | 0 | | 1500 | ४७,२५० | | | | | | | |
| 3. | Heavy Driver | 1 | 0 | | 1800 | ५६,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७६ चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 796/065/066
Sufi International Services Pvt. Ltd.
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
Mob.: 9801014497 E-mail: sufiinternationalservice@gmail.com , sufiintlpvt@gmail.com

## सर्वोच्चमा आईजीपीको लिखित जवाफ

# ‘अदालतको अवहेलना गरेका छैनौं’



काठमाडौं/मस- प्रहरी महानिरीक्षक (आईजीपी) ठाकुरप्रसाद ज्ञवालीले प्रहरीले अदालतको अवहेलना नगरेको भन्दै सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरेका छन्। नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका कार्यकर्ताले अदालतको आदेशबाट छुटेलगत्तै गिरफ्तार गरेर अदालतको अवहेलना गरेको भन्दै प्रहरी महानिरीक्षकसहितलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। सोही रिटमा सुनुवाई गर्दै गत फागुन १६ गते अदालतको अवहेलना मुद्दामा किन कारबाही नगर्नुपर्ने हो ? भन्दै प्रहरी महानिरीक्षकसहितलाई लिखित जवाफ पेस गर्न भनेको थियो।

प्रहरी महानिरीक्षक ज्ञवालीले मंगलबार अदालतको अवहेलना नगरेको भन्दै सो मुद्दा खारेज हुनुपर्ने लिखित जवाफ पेश गरेका हुन्। जवाफमा सर्वोच्च अदालतको आदेश प्रहरीले कार्यान्वयन गरेको उल्लेख छ।

‘कानुन कार्यान्वयनका लागि भएका कामकारबाहीमा अदालतको आदेशबमोजिम छुटेका व्यक्तिलाई पुनः कानुन विपरीतको कार्य गरेकोमा कानुनबमोजिम पक्राउ गरेको कार्यलाई सम्मानित अदालतको आदेशको पालना नभएको भनी व्याख्या गर्नु उपयुक्त हुँदैन,’ महानिरीक्षक ज्ञवालीले पेश गरेको लिखित जवाफमा भनिएको छ, ‘साथै सोही आधारमा अदालतको अवहेलनाजस्तो व्यक्तिगत दायित्वको मुद्दा दायर हुन मिल्ने नहुँदा प्रस्तुत निवेदन खारेजभागी छ। त्यसैले खारेज गरी पाउँ।’

त्यस्तै, जवाफमा कानुनबमोजिम सम्पादन हुने कामकारबाहीको सन्दर्भमा कुनै कमजोरी भएमा आवश्यक सुधार गर्ने पनि जनाइएको छ। न्यायाधीश ईश्वर खतिवडा र डम्बरबहादुर शाहीको संयुक्त इजलाशले प्रहरी महानिरीक्षकलाई ७ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश गरेको थियो। महानिरीक्षक, महानगरीय प्रहरी वृत्त सोह्रखुट्टे, महानगरीय प्रहरी परिसर टेकु र महानगरीय प्रहरी वृत्त सिंहदरबारका प्रमुखलाई सात दिनभित्र अदालतमा उपस्थित हुन आदेश गरेको थियो।

विप्लव नेतृत्वको नेकपाका कार्यकर्ता भीमप्रसाद अधिकारी, विष्णुप्रसाद अधिकारी र हरिचन्द्र खड्काले अदालतको अवहेलना भएको र आफूहरूलाई गैरन्यायिक थुनामा राखेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

फागुन ५ गते बन्दीप्रत्यक्षीकरणको रिटमा आदेश गर्दै अदालतले रिहा गर्न उनीहरूलाई आदेश गरेको थियो। तर, सोही दिन प्रहरीले उनीहरूलाई अदालतको गेटबाटै पक्राउ गरेको थियो। संयुक्त इजलाशको आदेशमा तत्काल उनीहरूलाई रिहा गर्न पनि भनिएको थियो। तर, उनीहरू अहिले प्रहरी नियन्त्रणमै छन्।

सर्वोच्च अदालतको संयुक्त इजलाशले लिखित जवाफ आएपछि अपहेलना मुद्दाको छुट्टै मिसिल खडा गरी मुद्दा दर्ता गर्न पनि आदेश गरेको थियो।

## सभामुख सापकोटा र भारतीय राजदूतबीच भेटवार्ता



**काठमाडौं/मस-** सभामुख अग्निप्रसाद सापकोटासँग नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले मंगलबार शिष्टाचार भेटवार्ता गरेका छन्। सिंहदरबार स्थित सभामुखको कार्यकक्षमा भएको भेटमा सभामुख सापकोटाले नेपाल र भारतबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७३ वर्ष पूरा भएको स्मरण गर्दै दुई देशबीच सरकार, संसद् र जनस्तरसम्म सम्बन्ध रहेको बताएका थिए।

नेपालमा २०७२ साल वैशाखमा विनाशकारी भूकम्पपछि उद्धार, राहत एवं पुनःनिर्माणमा भारतले गरेको सहयोगका लागि धन्यवाद दिँदै उनले दुई देशबीच पछिल्लो समय दूरगामी महत्वका सम्झौता भएकामा खुशी व्यक्त गरेको सभामुखको सचिवालयले जनाएको छ। साथै सभामुख सापकोटाले दुबै देशमा बलियो र स्थायी सरकार रहेकाले सम्बन्ध थप विस्तारका लागि विरलै प्राप्त हुने अवसर रहेको उल्लेख गरेका थिए।

सो अवसरमा राजदूत क्वात्राले सापकोटालाई सभामुखमा निर्वाचित भएकामा बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै दुई देशबीच वृहत र गहिरो सम्बन्ध रहेको तथा आगामी दिनमा यो सम्बन्ध अझ विस्तार हुँदै जाने विश्वास व्यक्त गरे।

## सडक विस्तारको नयाँ योजना नबनाइने



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा विस्तारका क्रममा रहेका सडक ठेक्का सम्झौता भएको लामो समय बित्दासमेत सम्पन्न नभएपछि सरकारले नयाँ सडकमा विस्तारको योजना बनाएको छैन।

काठमाडौं उपत्यकामा सडक विस्तारका लागि चौडाइ उपलब्ध नहुने र सडकमा रहेका संरचना हटाउन पनि कठीन हुने भएकाले तत्काल विस्तारका लागि योजना बन्न नसकेको हो। अहिलेकै अवस्थामा सडक विस्तारको योजना बनाउन नसकिने काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ। सरकारले चार वर्ष पहिले काठमाडौं उपत्यकामा १० स्थानका सडक विस्तार शुरु गरेको थियो। तीमध्ये अधिकांश स्थानमा सम्पन्न भइसकेको छैन।

शुरु भएका योजना सम्पन्न नभएकै कारण नयाँ योजना बन्न नसकेको आयोजनाका इञ्जिनीयर लक्ष्मण देवकोटाले बताए। उनले भने, ‘निर्माणका क्रममा रहेका योजना सम्पन्न गर्नुनै अहिलेको लक्ष्य हो।’ काठमाडौं उपत्यकामा धेरै स्थानमा अहिले पनि साँघुरा सडकका कारण स्थानीयवासी घण्टौं सवारी जाममा पर्ने गरेका छन्। हाल निर्माणाधीन सडक नै अलपत्र भएपछि सरकारले सडक विस्तारको नयाँ योजना बनाउन नसकेको हो।

सार्वजनिक खरिद नियमावलीको नवौं संशोधनमा पनि निर्माणस्थल खाली भएपछि मात्रै ठेक्का सम्झौता गर्नुपर्ने व्यवस्था हुँदा नयाँ सडक निर्माणको योजना तत्काल नबन्ने देखिएको छ। चार वर्ष पहिले शुरु भएका विभिन्न सडक पनि अहिले आयोजनाले चौडाइ नबढाइ कालोपत्र गरिरहेको छ। विस्तारका क्रममा रहेका सडक लामो समयसम्म निर्माण नहुँदा धुलो र हिलोका कारण स्थानीयवासी हैरान भएपछि उलब्ध चौडाइमै निर्माण भइरहेको हो।

## कोरोनाबाट बच्न सतर्कता अपनाउन पत्रकारलाई महासंघको आग्रह




**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले विश्वभर फैलिरहेको नोभेल कोरोना भाइरसबाट बच्न पूर्वसतर्कता अपनाउन सम्पूर्ण पत्रकारलाई आग्रह गरेको छ। महासंघका महासचिव रमेश विष्टले मंगलबार एक विज्ञप्ति जारी गर्दै जनतालाई सुसूचित गर्ने संवैधानिक दायित्व बोकेका पत्रकारहरु समाचार संकलन तथा सम्प्रेषण गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, अस्पताल तथा स्वास्थ्य केन्द्र, विभिन्न सभा समारोह र भिडभाड भएका ठाउँको अग्रभागमा रहेर कार्य गर्नुपर्ने भएकाले पूर्वसतर्कता अनिवार्य अपनाउन आग्रह गरेको हो।

विज्ञप्तिमा भनिएको छ, ‘पूर्वसतर्कताका लागि आवश्यक प्रबन्ध मिलाउन महासंघले नेपाल सरकार स्वास्थ्य मन्त्रालय र नेपाल रेडक्रस सोसाइटीसँग छलफल गरी आवश्यक कार्य अघि बढाएको छ। महासंघ सञ्चार प्रतिष्ठानहरुलाई पनि कार्यस्थलमा खटिने पत्रकार हरुका लागि पूर्वसतर्कताको तयारी गर्न र आवश्यक सामग्रीको प्रबन्ध गर्न आग्रह गर्दछ।

कोरोना भाइरसका बारेमा समाचार सम्प्रेषण गर्दा सत्य, तथ्य र यथार्थपरक समाचार सम्प्रेषण गरी जनतालाई सहि सूचना प्रवाह गर्न महासंघ विशेष आग्रह गरेको छ। यस्तो परि स्थितिमा समाचार संकलन तथा सम्प्रेषण गर्न पत्रकारले अपनाउनु पर्ने विधिका बारेमा विश्व स्वास्थ्य संगठनले तयार पारेको मापदण्ड सञ्चारगृह र पत्रकारहरुलाई उपलब्ध गराउने तयारी महासंघले गरिरहेको जानकारी गराइएको छ।

## त्रिविको परीक्षा यथावत्



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयले परीक्षा यथावत् रुपमा सञ्चालन गर्ने भएको छ। कोरोना भाइरसका कारणले कुनै संकट नदेखिएकाले त्रिविले स्नातक तह र स्नातकोत्तर तहको परीक्षा यथावत् रुपमा सञ्चालन गर्ने भएको त्रिवि परीक्षा नियन्त्रण कार्यालयका परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिए।

आगामी चैत ७ गतेदेखि शुरु हुने विभिन्न विभिन्न संकायका परीक्षाको तयारी परीक्षा नियन्त्रण कार्यालयले पूरा गरेको छ। ‘कोरोना भाइरसको अहिल्यैकै अवस्थामा परीक्षा रोकिहाल्नुपर्ने अवस्था छैन,’ नियन्त्रक जोशीले भने, ‘भाइरसका कारणले मुलुकमा नै संकट घोषणा गर्नुपर्ने अवस्था आयो भने सोच्नुपर्ने हुन्छ।’

त्रिविका उपकुलपति धर्मकान्त बाँस्कोटाले पनि स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालसँग त्रिविले परीक्षा सञ्चालन गर्नेबारे छलफल गरेका थिए। स्वास्थ्यमन्त्री ढकालले अहिल्यैकै अवस्थामा परीक्षा रोक्नुपर्ने अवस्था नरहेकोले त्रिविलाई यथावत् रूपमा सञ्चालन गर्न आग्रह गरेका थिए।

त्रिविअन्तर्गतको स्नातकोत्तर प्रथम वर्षको आङ्शिक परीक्षा आगामी चैत ७ गतेबाट, स्नातकोत्तर तह चौथो सेमेष्टरको चैत ८ गतेदेखि, स्नातकोत्तर दोस्रो सेमेष्टरको चैत २२ गतेदेखि, शिक्षा शास्त्रको एकवर्षे विएड चैत ९ गतेदेखि, स्नातक तहको कानून सङ्कायको दोस्रो तहको परीक्षा चैत १४ गतेदेखि शुरु हुँदैछ। परीक्षा नियन्त्रक जोशीका अनुसार त्रिविले परीक्षाका लागि बिहीबारदेखि उपत्यका बाहिर प्रश्नपत्र पठाउने तयारी गरेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोरोना भाइरसका कारणले विद्यालय तहको परीक्षा आगामी चैत ५ गतेभित्र सक्न नर्देशन दिइसकेको छ।

## बलात्कार आरोपीलाई कैद र क्षतिपूर्ति

**अछाम/मस-** जिल्ला अदालत अछामले छुट्टाछुट्टै घटनाका बलात्कार आरोपीलाई दोषी ठहर गर्दै कैद सजाय र क्षतिपूर्तिको फैसला सुनाएको छ। न्यायाधीश नवीनकुमार जोशीको इजलासले गत साउन महिनामा एक महिलालाई बलात्कार गरेको आरोपमा पक्राउ परेका पञ्चदेवल विनायक नगरपालिका-६ तोलीका ४० वर्षीय मोहनबहादुर रावललाई सात वर्ष छ महिना कैद र रु दुई लाख ५० हजार क्षतिपूर्ति भराउने फैसला सुनाएको जिल्ला अदालतका श्रेस्तेदार प्रेमप्रकाश थापाले जानकारी दिए।

नेपाली कांग्रेसका वडा सभापतिसमेत रहेका रावल राति घरमै आएर बलात्कार गरेको भन्दै पीडित महिलाले साउन महिनामै प्रहरीमा उजुरी दिएकी थिइन्। उजुरी परेपछि रावललाई गत साउन १७ गते प्रहरीले पक्राउ गरी अनुसन्धान शुरु गरेको थियो। महिलाका श्रीमान् भारतमा रहेको अवस्थामा उनीमाथि बलात्कार भएको जनाइएको छ।

यस्तै १३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा पक्राउ परेका साँफेबगर नगरपालिका-३ का ३९ वर्षीय हीरण्डबहादुर कुँवरलाई नौ वर्ष कैद र १० हजार क्षतिपूर्ति भराउने फैसला भएको छ। गत भदौमा बालिकालाई बलात्कार गरेको भन्दै पीडितकी आमाले किटानी जाहेरीसहित प्रहरीमा उजुरी दिएको थिइन्।

## काभ्रे क्याम्पसमा एक महिनादेखि तालाबन्दी



**बनेपा/रासस-** एक महिनादेखि बनेपा नगरपालिका-६ बुडोलस्थित काभ्रे बहुमुखी क्याप्पसको प्रशासन र लेखा शाखा बन्द अवस्थामा रहेको छ। अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले गरेको तालान्दीका कारण कारण कक्षा ११ र १२ को पटनपाठन समेत ठप्प भएको छ।

क्याम्पसले कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई अनिवार्य विषय अध्यापन नगराई परीक्षामा सामेल गराएकाले ‘विद्यार्थीको भविष्यमाथि खेलवाड’ गरेको जनाउँदै क्याप्पस प्रमुखको राजीनामालगायतका माग राख्दै गत माघ २६ गते तालाबन्दी गरेको थियो। अनेरास्ववियुले प्रशासन, लेखासँगै मूलगेटमा तालाबन्दी गरेको केही दिनमा क्याम्पस प्रशासनले वार्ता समिति बनाएपछि माघ ३० गते मूलगेटको तालाबन्दी खोलिएको थियो।

विद्यार्थी सङ्गठन र क्याम्पस प्रशासनबीच यही फागुन १३ गते भएको वार्ता विनानिष्कर्ष टुङ्गिएको थियो। ‘क्याम्पस प्रशासनले वार्ता समिति बनाएपछि मूलगेटको मात्रै ताला खोलिदिएका थियौं, एउटा वार्तामा मागबारे कुनै सम्बोधन भएन, अहिलेसम्म अन्य वार्ताको कुनै जानकारी छैन, हाम्रा माग पूरा नभएसम्म अन्य तालाबन्दी खोल्दैनौं,’ अनेरास्ववियुका केन्द्रीय सदस्य शालिकराम पराजुलीले भने। उनका अनुसार कक्षा ११ र १२ मा कम्प्युटर इञ्जिनीयरिङ अध्ययन गर्ने विद्यार्थीको मुख्य विषय रसायन विज्ञान र भौतिक विज्ञान अनिवार्य विषयको सट्टा नेपाली र अंग्रेजी अध्यापन गराएका कारण परीक्षा बोर्डले स्नातक तहमा ती विद्यार्थीले कम्प्युटर इञ्जिनीयरिङ अध्ययन गर्न नमिल्ने जनाएपछि विद्यार्थी आन्दोलित भएका हुन्।

क्याम्पस प्रशासनले सञ्चालक समितिको अध्यक्ष लम्बोदर कायस्थको संयोजकत्वमा चार सदस्यीय वार्ता समिति बनाएको थियो। क्याम्पसको लापरवाहीका कारण विद्यार्थीको भविष्य अन्योल भएको जनाउँदै अनरास्ववियु जिल्ला कमिटी, क्याम्पस र मावि कमिटीले छुट्टाछुट्टै विज्ञप्ति जारी गरी तालाबन्दी गरेको हो।

क्याम्पसलाई लापरवाहीका विषयमा पटकपटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरेका कारण क्याम्पस प्रमुख केजी बैदारको राजीनामा मुख्य शर्तसहित विद्यार्थीको हालसम्मको शुल्क फिर्ता तथा थप क्षतिपूर्तिसहितको माग राख्दै तालाबन्दी गरिएको पराजुलीले बताए। साथै विज्ञप्तिमा पीडित विद्यार्थीलाई कक्षा १२ सम्म निःशुल्क अध्ययनको व्यवस्था गर्नुपर्ने, विद्यार्थीलाई ‘रेष्टिगेट’को डर, धम्की दिने प्राध्यापक/शिक्षकलाई कारवाही र निष्काशन गर्नुपर्ने, क्याम्पसले आफ्नो प्रचार सामग्रीमा उल्लेख गराएअनुसार विद्यार्थीले रोजेको विषयमा अध्ययन गर्न पाउने अधिकारको ग्यारेन्टी गर्न पनि माग गरिएको छ।

क्याम्पसप्रमुख बैदारले आफूलाई क्याम्पसका कुनै पनि विभागमा तालाबन्दी भएको विषयमा जानकारी नभएको बताउँदै आएका छन्। उनले केही ‘बाहिरी तत्व’ले क्याप्पसको गरिमालाई घटाउन विभिन्न गतिविधि गरेको आरोप लगाउँदै विधिसम्वत् ढङ्गले नै कक्षा ११ र १२ को अध्यापन भएको जिकिर गरे।

## नदी तर्दा शुल्क तिर्नुपर्ने बाध्यता



**अत्तरीया/रासस-** कैलाली-कञ्चनपुरको सीमा भएर बग्ने मोहना नदीको पुलमा ओहोरदोहोर गर्दा शुल्क तिर्नुपर्ने बाध्यता रहेको छ। कैलाली र कञ्चनपुरको कृष्णपुर नगरपालिका राजघाट जोड्ने मोहना नदीमा निर्माणाधीन पुल नबन्दा स्थानीयवासीले पुलमा ओहोरदोहोर गर्दा शुल्क तिर्नुपर्ने बाध्यता बनेको हो।

धनगढी उपमहानगरपालिका-३ चटकपुर र कञ्चनपुरको कृष्णपुर नगरपालिका-९ राजघाट बस्तीका नागरिकले मोहना नदी वारपार गर्दा वर्षौंदेखि पैसा तिर्दै आएको गुनासो गरेका छन्। दुई जिल्लाको सीमा भएर बग्ने नदीमा बनाएको काठको अस्थायी पुल तरेबापत स्थानीयवासीले वर्षौंदेखि पैसा तिर्दै आएको स्थानीयवासी कमल चौधरीले बताए। कैलालीको चटकपुर र कञ्चनपुरको राजघाट बस्तीबीच भएर बग्ने मोहना नदीमा स्थानीयवासीले ‘लन्डन ब्रिज’ नामको अस्थायी पुल बनाएका छन्।

पुलमा ओहोरदोहोर गरेबापत प्रतिमोटरसाइकल रु २०, साइकल रु १०, प्रतिव्यक्ति रु १० र अटोरिक्साको रु ५० शुल्क कायम गरिएको छ। ‘नदीमा पुल नभएको भए स्थानीयवासीलाई ओहोरदोहोरमै समस्या पर्थ्यो,’ पुलका चौकीदार सुन्दर चौधरीले भने, ‘त्यसैले पुल तर्दा गाउँलेले सधैं रकम तिर्नुपर्ने बाध्यता छ।’ अस्थायी काठेपुलबाट दैनिक रु छ सयदेखि नौ सयसम्म रकम संकलन हुँदै आएको छ। राजघाटका किसानले उत्पादन गरेको तरकारी बिक्री-वितरणका लागि धनगढीलगायत बजारमा जान पुलका कारण सहज भएको छ। पुल तर्नका लागि दैनिक रु ५० छुट्याउनुपर्ने बाध्यता रहेको स्थानीयवासीको भनाइ छ।

वर्षैपिच्छे नयाँ अस्थायी पुल निर्माण गर्नुपर्ने स्थानीयवासीको भनाइ रहेको छ। यसरी हरेक वर्ष नयाँ अस्थायी पुल बनाउने र बर्सातमा नदीले बगाएर लैजाने गर्दछ। धनगढी र कञ्चनपुरको कृष्णपुर नगरपालिकाको राजघाट जोड्ने मोहनाको नदीमा निर्माणाधीन पुलको दुईपटक म्याद थप्दासमेत निर्माण कम्पनीले काममा बेवास्ता गरेपछि काम सम्पन्न हुन सकेको छैन।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय


# दक्षिणपन्थी रुझान

राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त बीच पार्टी एकता गर्ने घोषणा भएको छ । सैद्धान्तिक सहमतिअनुसार, शुक्रबार पार्टी एकीकरणको घोषणा हुँदैछ । पार्टी एकीकरणको सहमति लगत्तै राप्रपाका अध्यक्ष कमल थापाले उत्साहित अभिव्यक्ति दिइरहेका छन् । उनले सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै भरपर्दो वैकल्पिक राजनीतिक शक्ति तयार भएको प्रतिक्रिया दिएका छन् । एकीकृत पार्टीको नाम राप्रपा नै हुनेछ भने झण्डा कमल थापाको पार्टीले प्रयोग गरिहेको गाईं अंकित नै हुनेछ । अध्यक्ष भने तीन जना हुनेछन्– कमल थापा, पशुपति शमशेर राणा र डा. प्रकाशचन्द्र लोहनी ।

अर्थात्, दलहरू एक हिसाबले अध्यक्ष मण्डलतर्फ उन्मुख भएका छन् । राप्रपासँग तीन अध्यक्ष थापा, राणा र लोहनी हुनेछन् । यसअगाडि नेपाल कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टी नेपालको नेतृत्व पनि अध्यक्ष मण्डलबाट चलिरहेको छ । नेकपामा केपी शर्मा ओली र पुष्पकमल दाहाल तथा समाजवादी पार्टीमा उपेन्द्र यादव र डा. बाबुराम भट्टराई अध्यक्ष छन् । राजपामा पाँच जना अध्यक्ष छन्, उनीहरू बीच दुई–दुई महिनामा पालैपाले अध्यक्षता हस्तान्तरण हुँदै आएको छ । अब राप्रपा पनि तीन अध्यक्षबाट चल्नेछ । यो एक प्रकारले ध्रुबिकरणले सिर्जना गरेको नयाँ परिस्थितिका रूपमा लिन सकिन्छ । तर, राप्रपा र राप्रपा संयुक्त बीच भएको अर्को सहमतिले भने समाजलाई थोरै झस्काउने देखिन्छ ।


किनभने, यो एकीकृत पार्टी संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र मानेर अगाडि बढ्नेछ । २०७४ को निर्वाचनमा अपेक्षित जनमत नपाएका थापा–राणा–लोहनीबीच पार्टी बलियो बनाउन एकता घोषणा गर्ने तयारी भइरहेको छ । अर्कातर्फ प्रमुख दलकै नेताहरूमा समेत धार्मिक रूझान बढेर गएको देखिन्छ । नेपाली काँग्रेसका महामन्त्री शशांक कोइरालाले हिन्दू राष्ट्रबारे जनमत संग्रहको माग नै गरिरहेका छन् भने वैकल्पिक पार्टीको नाममा स्थापित साझा पार्टीले पनि उस्तै धारणा तय गरेको छ । सत्तारूढ दल नेकपाका कतिपय नेताहरूमा समेत धार्मिक रूझान देखिन्छ । पशुपतिको आरतीमा राष्ट्रियगान बजाउने निर्णयका कारण विवादित बनेको नेकपा सरकारका अन्य गतिविधि पनि धर्म निरपेक्षताको खिलाफमा देखिन्छ । संघीयताबारे प्रदेशका मन्त्रीहरूले नै प्रश्न उठाउँदै आएका छन् । अर्थात्, नेपालको संविधान २०७२ को भावना बिपरीत दलहरूमा दक्षिणपन्थी रूझान बढेर गएको होकी भन्ने सन्देहात्मक संकेत देखिएको छ । जसले प्रतिगमनलाई नै निम्तो दिने देखिन्छ भने सत्तारूढको गतिविधिले संविधानको पालनामा इमान्दारिता नरहेको सन्देश पैदा गर्दछ ।

## सामाजिक सञ्जाल




जम्मा एउटा ल्याब छ । न पर्याप्त जनशक्ति, न पर्याप्त प्रोटेक्टिभ गियर, न आईसियू न क्षमता, न बिज्ञता । ५० जनालाई कोरोना देखिए सिस्टम कोल्याप्स हुने स्थिती रैछ । अनसनवाला गोबिन्द के सी खै ? खै बोलेको उनी ? उनी केका लागी अनसन बस्या रैछन् ? अनि उनका समर्थक नि ? हैट भाबनाकारिता ।

**- अनिल गिरी**



काठमाडौं उपत्यकामा कम्तिमा ४० लाख बसोबास छ । यसमध्ये करिब २० लाख भाडाका कोठामा बस्छन, जसको ठूलो हिस्सा विद्यार्थी वा तल्लोमध्यम वर्गका रोजगारी गर्नेहरू छन । जो १ वा २ कोठामा परिवारै बस्छन् । आदर्शका कुरा गर्न सहज छ, व्यवहारिक धरातलमा यस्ता कुरा निकै गहन छन् । जदौ

**– गजेन्द्र बुढाथोकी**



अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्यमा व्यापक गिरावट आएपनि नेपाल आयल निगमले यहाँ सोअनुसार मुल्य नघटाउनु नेपाली उपभोक्तालाई सरासर ठग्नु हो ! सरकारको तुरुन्तै ध्यान जाओस् , हामी नागरिकपनि जानकार हौं है !!

**– समिरमणि दिक्षित**



जाँडरक्सी खाँदा पनि उँभो नलागेको हाम्रो समाज र अर्थतन्त्र ! नाथु गाँजा खाएर के उँभो लाग्ला र ? कांग्रेस बिग्रिए कांग्रेस नै रहन्छ । कम्युनिष्ट बिग्रिए कुहिएको अण्डा ! बिग्रन खोजेका कमरेड अण्डाहरूलाई धूलो फूङ्ग उड्ने गरि पैताला बजार्दै लालसलाम हान्न मन लाग्यो हाओ गाँठे !

**– रञ्जीत तामाङ**

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# उद्यमशीलताका समस्या



■ ढुनबहादुर बुढाथोकी

"'आफ्नो जडीबुटी विदेशमा लगी नगद खिच्नू, घर भएको स्थानमा खानी भए घर अन्य स्थानमा सारी खानी निकाल्नू, आफ्नो देशमा कपडा बुन्न जान्ने भए नमुना देखाई बुन्न लगाउनू' जस्ता उद्गारहरूले उनको उद्यमी व्यक्तित्वको उजागर गर्छ ।

उद्यमशीलता, औद्योगिक विकास र उत्पादनमूलक उद्योगको विकासबिना तीव्र आर्थिक वृद्धि र दिगो आर्थिक विकास असम्भवप्रायः हुन्छ, जहाँ उद्यमशीलता औद्योगिक विकासको कडी हो । हाम्रो हकमा उद्यमशीलताको ऐतिहासिक सुरुवाती बिन्दु किराँतकाललाई मानिएको छ । इसापूर्व चौथो शताब्दीमा नेपाली उनले टाढा-टाढासम्म ख्याति कमाएको थियो । किराँतकालीन व्यापार-व्यवसाय मगधको पाटलीपुत्र बजार र उत्तरको चीनसम्म फैलिएको कौटिल्यको अर्थशास्त्रमा उल्लेख छ । लिच्छविकालीन नेपालमा उद्यमशीलताा अझ फक्रन पुगेको थियो । लिच्छविकाल आफैंमा कृषि, पशुपालन, व्यापार, उद्योग करमा आधारित अर्थतन्त्र थियो । मानदेवले स्वतन्त्र मुद्रा अर्थात् मनाङ प्रचलनमा ल्याएका थिए । तामाखानीद्वारा उत्पादित वस्तु निर्माण गर्न ताम्रकट्टशाला स्थापना गरिएको थियो । धान कुट्ने, तेल पेल्ने, कपडा बुन्ने, कागज बनाउने, मूर्ति कुद्ने उद्योगहरू खुलेका थिए । वैदेशिक व्यापार भारत, तिब्बत हुँदै चीनसम्म फैलिएको थियो । तिब्बततर्फ– अन्न, फलफूल, मसला, लत्ताकपडा र भारततर्फ– चँमर, काष्ठकला, ऊन, जडीबुटी, निकासी गर्न लिच्छविकालीन नेपाल पछाडि परेको थिएन ।

मल्लकालीन उद्यमशीलता मूलतः कृषि र घरेलु उद्योगमा नै आधारित थियो । वाग्मती, विष्णुमती, मनहरामा बाँध बाधी कुलोको व्यवस्था गरिएको थियो । कुलो प्रयोगबापत पानी कर तिर्नुपर्थ्यो । कुलोको व्यवस्था हुँदा खाद्यान्न बाली फस्टाएको थियो । माटोका भाँडाकुँडा बनाउने, इँट्टा पार्ने, कपडा बुन्ने, कपडा रङ्गाउने, झिंगटी निर्माण गर्ने घरेलु उद्योगहरू खुलेका थिए । जाति, पेसागत आधारमा विभाजन गरिएको थियो । व्यापार गर्ने व्यक्तिलाई सार्थवाह भनिन्थ्यो । व्यापार-व्यवसाय गर्न जैसीकोठाको व्यवस्था गरिएको थियो । भारतमा राडीपाखी, जडीबुटी निकासी निर्यात गरी मसला, उच्चस्तरीय कपडा, औषधि तथा गरगहना पैठारी गरिन्थ्यो । तिब्बतका लागि मुद्रा निर्माण गर्ने कार्य नेपालमा हुन्थ्यो, मुद्रा निर्माणबापत नेपालले चाँदी प्राप्त गर्दथ्यो ।

शाहकालीन आदि पुरुष तथा राष्ट्रनिर्माता पृथ्वीनारायण बाहुबली व्यक्ति मात्र थिएनन्, बल्कि उद्यमप्रेमी शासक थिए । उक्त कुरा उनको दिव्योपदेशबाट बुझ्न कुनै कठिन हुँदैन । 'आफ्नो जडीबुटी विदेशमा लगी नगद खिच्नू, घर भएको स्थानमा खानी भए घर अन्य स्थानमा सारी खानी निकाल्नू, आफ्नो देशमा कपडा बुन्न जान्ने भए नमुना देखाई बुन्न लगाउनू' जस्ता उद्गारहरूले उनको उद्यमी व्यक्तित्वको उजागर गर्छ । उक्त उपदेशको चरितार्थ स्वरूप भारतबाट प्राविधिक झिकाई राइफललगायतका हतियार निर्माण नेपालमा गर्न लगाएका थिए । भलै उनी मात्र ५१ वर्ष बाँचेका थिए । उनको सम्पूर्ण समय नेपाललाई एकीकरण गराउनुमै व्यतीत भएको थियो ।

राणा शासक निरंकुश थिए, तर विकासविरोधी भने थिएनन् । राणाकालीन नेपाल पश्चिमा युरोप र औद्योगिक क्रान्तिको प्रभावबाट अछूत थिएन । औद्योगिक क्रान्तिले राणाशासकको मनमा उद्योग मोह सल्काएको थियो । उद्योगधन्दाप्रतिको अनुरागका कारण वि.सं. १९८७ मा जुद्धशमसेरले उद्योगपरिषद् गठन गरेका थिए । वि.सं. १९९३ मा कम्पनी कानुन बनाई सोही वर्ष संयुक्त पुँजी कम्पनीका रूपमा पहिलो सार्वजनिक संस्था 'विराटनगर जुटमिल' स्थापना गरिएको थियो । घरेलु उद्योग विकासका लागि वि.सं. १९९३ मा नेपाली कपडा र घरेलु इलम प्रचार अड्डा स्थापना गरिएको थियो । वि.सं. १९९४ मा पहिलो वित्तीय संस्थाका रूपमा नेपाल बैंक लिमिटेड स्थापना भएको थियो । वि.सं. १९९४ मा सबै उद्योग दर्ता गर्नुपर्ने गरी प्राइभेट कम्पनी कानुन पस्कने कार्य भयो । वि.सं. २००७ मा आइपुग्दा भातीय रुपैयाँ ७ करोड र नेपाली रुपैयाँ २१ लाख अधिकृत पूँजी रहेका ६३ वटा उद्योग स्थापना भइसकेका थिए, जसमा अधिकांश पब्लिक लिमिटेड कम्पनी थिए । यसै कालमा वीरगन्ज सिगरेट फ्याक्ट्री, जुद्ध म्याच फ्याक्ट्री, मोरङ कटनमिल, रघुपति जुटमिलजस्ता उत्पादनमूलक उद्योगहरू स्थापना भएका थिए । निजी स्तरमा समेत राइस, टिम्बर, सलाई, मैदा, साबुन उद्योगहरू खुल्न पुगेका थिए ।

वि.सं. २००७ सालपश्चात् नेपाल नयाँ युगमा प्रवेश गऱ्यो । भारत, बेलायत, फ्रान्स, अमेरिकामै सीमित कूटनीतिक सम्बन्धलाई अझ फराकिलो बनाइयो । वि.सं. २०१३ देखि योजनाबद्ध विकासको थालनी भयो । पहिलो पटक वि.सं. २०१४ मा औद्योगिक नीति ल्याइयो । औद्योगिक नीतिलाई पुष्टि गर्ने गरी औद्योगिक व्यवसाय ऐन, २०१८ पनि पस्कने कार्य भयो । औद्योगिक क्षेत्रको प्रवर्द्धनका लागि वि.सं. २०१४ मा औद्योगिक सेवाकेन्द्र स्थापना गरियो । औद्योगिक विकासलाई सहायता पुऱ्याउन प्राइभेट फर्म रजिस्ट्रेशन ऐन-२०१४, नेपाल ऐजेन्सी सम्बन्धी ऐन-२०१४, नेपाल कारखाना र कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन-२०१६, संस्थान ऐन-२०२१, कम्पनी ऐन-२०२१ अगाडि सारियो । बन्द अर्थव्यवस्थाका बाबजुद विदेशी लगानी भित्र्याउन विदशी लगानी तथा प्रविधिसम्बन्धी ऐन-२०३९ र अध्यादेश-२०४० समेत अगाडि सारियो । स्वदेशी तथा विदेशी लगानीमा वीरगन्ज चिनी, जनकपुर चुरोट, वीरगन्ज कृषि औजार कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, हिमाल सिमेन्ट कारखाना, हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग, बुटवल धागो, भृकुटी कागज कारखाना, लुम्बिनी चिनी उद्योग, उदयपुर सिमेन्ट उद्योग, भक्तपुर इँटा टायल कारखाना, हरिसिद्धि इँटा टायल कारखाना, गोरखाली रबर उद्योग, ओरिन्ट म्याग्नेसाइट, नेपाल औषधी लिमिटेड, जडीबुट उत्पादन तथा प्रशोधन कम्पनी यस्ता पनि गरिए । मुलुकका विभिन्न क्षेत्रमा औद्योगिक क्षेत्रहरू यसै अवधिमै स्थापन भई सञ्चालनमा आए ।

वि.सं. २०४६ ताका विश्व अर्थव्यवस्थामा मौलाउन थालेको आर्थिक उदारीकरणको प्रभावबाट नेपाल अछूत रहन सम्भव थिएन । वि.सं. २०४६ पूर्वसम्ममा संरक्षणत्मक, आयात प्रतिस्थापन र बन्द प्रकृतिको अर्थनीति अंगीकार गरेको मुलुक २०४६ पश्चात् विश्वबैंक र आईएमएफको सहयोगमा उदार अर्थव्यवस्थामा अवलम्बन गऱ्यो । वि.सं. २०४६ को राजनीतिक परिवर्तनद्वारा भित्रिएको नेपाली कांग्रेसको सरकारले उदारीकरण नीतिलाई विधिवत् रूपमा अगाडि साऱ्यो । उदार अर्थव्यवस्थामा आधारित औद्योगिक नीति, वाणिज्य नीति, विदेशी लगानी तथा एकद्वार नीति, औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, निजीकरण ऐन, धमाधम पस्कन कुनै कन्जुस्याइँ गरेन । उदारीकरणको अभिन्न अङ्गका रूपमा निजी क्षेत्र र निजीकरणलाई अगाडि सारियो ।

आर्थिक उदारीकरणले मूलतः अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी बनायो । वैदेशिक लगानीलाई विशेष प्राथमिकता राख्यो । बहुर्राष्ट्रिय कम्पनीसहित विदेशी लगानीकर्ताहरू मुलुकमा भित्रिए । आयात प्रतिस्थापनभन्दा निर्यात प्रवर्द्धनलाई जोड दिइयो । व्यापार व्यवसायमा रहेका कोटा प्रणाली, परिमाणत्मक बन्देज, लाइसेन्सराजजस्ता छेकवारहरू कटौती भए । विनिमयका लागि नेपाली मुद्रालाई उदार बनाइयो । निर्यात व्यापारलाई भन्सारमुक्त बनाइयो । भन्सार दरहरूमा व्यापक कटौती गरियो । सरकारचाहिँ आर्थिक क्रियाकलापबाट पछाडि हट्दै धेरै हदसम्म नियामक र परिपालकका रूपमा सीमित हुन पुग्यो ।

आर्थिक उदारीकरणको जगमा, बजार संयन्त्रमाथि राज्यको हस्तक्षेप र नियन्त्रण कमजोर छ । समष्टिगत आर्थिक नीति बजार निर्देशित र निजी क्षेत्रमुखी छ । स्वदेशी उद्योगहरूलाई कुनै विशेष सरक्षण प्रदान गरिएको छैन । आयात प्रतिस्थापन र आत्मनिर्भर अर्थतन्त्रभन्दा निर्यात प्रवर्द्धनलाई विशेष जोड दिइएको छ । क्षेत्रगत नीतिहरू अनुदार छैनन् । विगतमा जस्तो हवाई भाडा, दूध, चिनी, सिमेन्टको मूल्य राज्यले निर्धारण गर्दैन । पट्रोल, विद्युत, पानीबाहेक अन्य वस्तु तथा सेवाको मूल्य बजारसंयन्त्रद्वारा निर्धारण भइरहेको छ । कृषिक्षेत्रमा विगतमा प्रदान गरिएको संरक्षण कटौती गरिएको छ । अरूको भन्दा सस्तोमा उत्पादन गर्न सकिने तुलनात्मक लाभको वस्तु स्वदेशमै उत्पादन गर्ने, स्वदेशमा उत्पादन गर्दा महँगो पर्ने वस्तु विश्वको जुन कुनै कुनाबाट पनि आयात गर्न सकिने सिद्धान्त अवलम्बन गरिएको छ, जसको फलस्वरूप जनस्वास्थ्य, वातावरण र सुरक्षासँग सम्बन्धित बस्तुबाहेकका अन्य कुनै पनि वस्तु विश्वको जहाँसुकैबाट जतिसुकै परिमाणमा पनि आयात गर्ने छुट दिइएको छ ।

आर्थिक उदारीकरण अवलम्बनको तीन दशकमा नेपाल विश्वव्यापार संगठन, आसियान, साफ्टा, बिमस्टेकजस्ता बहुपक्षीय तथा क्षेत्रीय व्यापारिक मञ्चहरूमा संगठित भइसकेको छ । बजारमुखी उदार अर्थनीति अंगीकार गरिरहँदा समृद्ध अर्थतन्त्र, दिगो तथा फराकिलो आर्थिक वृद्धिको सपना सजाइएको थियो । परन्तु आर्थिक उदारीकणको सही व्यवस्थापन गर्न नसक्दा कथित आर्थिक विकृतिहरू पैदा भएका छन् । सिमेन्ट, जलविद्युत्बाहेकका अन्य उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि हुन सकेको छैन् । राष्ट्रिय पुँजी सीमित व्यक्ति तथा व्यापारिक घराना समूह केन्द्रीकृत छ । सोही कारण असमानताको खाडल ज्यूँका त्यूँ छ । मुलुकमा उद्योगधन्दा धराशायी हुँदा व्यापारघाटा बर्सेनि वृद्धि भइरहेको हो । सञ्चालनमा रहेका उद्योगधन्दा पनि आयतित कच्चा पदार्थमै आधारित छन्, जसको मूल्य वृद्धि श्रृंखला स्वाभाविक रूपमा नाजुक रहेको छ । लहडैमा भित्र्याइएको आर्थिक उदारीकरणका कारण परम्परागत तथा घरेलु उद्योगको अस्तित्व नामेट हुने अवस्थामा पुगेको छ । मुलुकको गौरवका रूपमा रहेका दातृ मुलुकले निर्माण गरिदिएका वीरगन्ज चिनी, वीरगन्ज कृषि औजार, जनकपुर चुरोट, हिमाल सिमेन्ट, भृकुटी कारखाना हाम्रै हर्कतका कारण अस्तित्व नामेट भइसकेको छ । यस्तै हर्कत रहेमा नेपाली खुकुरी, ढाका, राडीपाखीजस्ता हाम्रा परम्परा बोकेका उद्योग नामेट नहोलान भन्न सकिन्न ।

सारमा राज्यको लगानी रहेका उद्यमहरू बर्सेनि ओरालो लागेका छन् । विगतमा कुल गार्हस्थ्य उत्पादनमा १५ प्रतिशत योगदान रहेकोमा अहिले ६ प्रतिशतमा ओर्लिएको छ । हाल ३९ वटा सार्वजनिक संस्थान रहेकोमा औद्योगिक क्षेत्रअन्तर्गत ७ वटा रहेका छन् । तर, सार्वजनिक संस्थान वार्षिक स्थिति समीक्षा, २०७६ ले औद्योगिक क्षेत्रबाट राज्यलाई कत्ति पनि लाभांश प्राप्त नभएको देखाएको छ; जहाँ जनकपुर चुरोट काराखाना बन्द रहेको छ भने नेपाल म्याग्नेसाइट प्रालिले सामान्य कारोबारसमेत गर्न सकेको छैन । मात्र ५ वटा उद्योग सञ्चालनमा छन्, जहाँ २०७४/०७५ मा सञ्चालन आय मात्र ०.२ प्रतिशतले वृद्धि भएको छ । जहाँ औद्योगिक क्षेत्रको प्रशासनिक खर्च भने सोही अवधिमा ५७.५ प्रतिशतले वृद्धि भएको छ । अचम्मको कुराचाहिँ औद्योगिक संस्थानहरूको सेयर धनी कोष २०७४/७५ मा ९.९२ अर्ब ऋृणात्मक रहेको छ । यस क्षेत्रले सोही अवधिमा नेपाल सरकारलाई तिर्नुपर्ने ऋृण ७.१८ करोड पुगेको छ । सार्वजनिक क्षेत्रमा औद्योगिक क्षेत्र कति नाजुक रहेका छन् भन्ने सबुत हो, यो । यी नजिरहरूबाट हामी पूर्वजको उद्यमशीलतालाई पूरै तिलान्जली दियौं भन्ने सबुत मिल्छ, जुन हाम्रो नालायक हर्कत हो ।

# ध्रुवीकृत अर्थतन्त्रमा मुद्राको भूमिका



**पदमराज अवस्थी**

केही समय पहिलेसम्म नेपालको सबै भूभागलाई जोड्ने माध्यमका रूपमा नदीनालाहरू मात्र रहेका थिए । यद्यपि, रेडियो नेपाल भने मस्तै सेरोफेरोमा गुन्जायमान थियो । वि.स. २०१७ मा राजा महेन्द्रले महेन्द्र राजमार्गको निर्माण शुभारम्भ गरेपछि जनताको जनतासँग जोडिने रहरले केही हदसम्म मूर्तरूप पाउन सफल भयो । यसका अतिरिक्त व्यापार र दैनिक आवश्यकता पूर्तिका लागि राष्ट्रका चारै दिशाका जनता भारत र तिब्बतसँग नजिक रहँदा नेपाली अर्थतन्त्र ध्रुवीकृतजस्तो देखिन पुगेको थियो । जस्तो सेती, महाकाली र कर्णाली नदी प्रवाह क्षेत्रका अधिकांश जिल्लाको व्यापारिक नाका भारतको जुलीघाट (जसलाई झुलाघाट, र हुमदेश पनि भनिन्छ) रहेको थियो भने डोल्पा, मुगु र हुम्ला तिब्बतसँग नजिक रहेका थिए । त्यस्तै, पूर्वी पहाड सीमावर्ती दार्जीलिङ, जोगबनी बजारसँग व्यापारमा निहित थियो त पश्चिम क्षेत्रको व्यापार गोरखपुरसँग जोडिएको थियो भने मध्यक्षेत्र रक्सौलमा भर परेको थियो । व्यापारमा भारतको पकड रहँदा भारतीय मुद्रा (कम्पनी मोरु) को चल्ती औधी रहेको र देशको व्यापार ध्रुवीकृत भएर राष्ट्रिय अर्थतन्त्रमा जोडिन नसकेको कुरा समकालीन अर्थतन्त्रका दुई प्रमुख समस्याका रूपमा देखा परेका थिए ।

जानकारहरूका अनुसार देशभित्रको राजनीतिक संघर्ष र छिमेकिहरूको दबाबका बीच नेपालको भू-राजनीति र अर्थव्यवस्था थप जटिल बन्दै गएकोमा राजा महेन्द्रलाई पर्नु पीर परेको थियो । फलस्वरूप उनले सीमान्त तराई क्षेत्रमा बस्ती बसाल्ने र नेपालमा नेपाली मुद्राकै चलन चलाउने दुवै कार्यको थालनी गरे । र, राजा महेन्द्र र गुन्जमान सिंहले केन्द्रीय बैंकको परिकल्पना गरेर सोको संस्थापना र सञ्चालनको जिम्मा तत्कालीन अर्थ सचिव हिमालय शमशेर जबरालाई दिए । २६ वर्षको रहरलाग्दो रुमानी उमेरमा गभर्नर बनेका हिमालयले राष्ट्र बैंक स्थापनापश्चात्का तीन वर्ष नेपाली मुद्रा कसरी चलाउने भन्ने विषयको अध्ययनमै बिताए र सोही अध्ययनको निष्कर्षको आधारमा वि.स. २०१६ साल चैत मसान्तमा राजा महेन्द्रले नेपालमा नेपाली मुद्रा ग्राह्य (लिगल टेन्डर) भएको हुकुम जारी गरेपछि धेरैजसोले यो कुरा सम्भव नरहेको प्रतिक्रिया जनाए । तथापि, अध्ययन प्रतिवेदनअनुसार नेपाली मुद्रा चलाउन त सकिने तर भौगोलिक दुरवस्थाका कारण माग क्षेत्रमा पर्याप्त नेपाली मुद्रा पूर्ति गर्नमा केही कठिनाइ हुन सक्ने निष्कर्ष नेपाल राष्ट्र बैंकको थियो ।

सुरुमा नेपालमा नेपाली मुद्रा चलाउन भारतीय राजदूतावासको स्वीकृति लिएर भारतीय रेलबाट दूर सुदूरसम्म मुद्राको आपूर्ति गर्ने गरिन्थ्यो । यो भनेको के भने यदि भैरहवामा पैसा पुऱ्याउनुपऱ्यो भने काठमाडौंबाट पुलिस स्कर्टिङमा मकवानपुर-वीरगञ्ज पुऱ्याइन्थ्यो भने वीरगन्जबाट रक्सौल हुँदै भारतीय पुलिसको साथमा रेलबाट सो पैसा गोरखपुर नाकाबाट भैरहवा भित्र्याइन्थ्यो । त्यतिखेर नेपाली मुद्राको चलन बसाल्दा यसले छुटेका नेपालीहरूलाई फेरि एउटै मालामा गाँस्ने काम गरेको थियो । एक हप्ता नेपालको हाटमा सामान किनबेच गर्ने र अर्को साता सीमापारिको हाटमा कारोबार गर्ने सीमान्त तराईका कति सर्वसाधारणलाई स्थानीय हाट बजारमा नेपाली मुद्राको चलन चलेपछि मात्र आफू नेपाली भएको थाहा पाएको भन्ने प्रतिक्रिया पाएको अनुभव केन्द्रीय बैंकका पहिलो गभर्नर हिमालयशमशेर जबरा सुनाउँछन् । उनी भन्छन्, "नेपालमा नेपाली मुद्राको प्रचलनले सीमावर्ती क्षेत्रमा सरकारको उपस्थिति मजबुत पारेको त थियो नै, देश एउटाको तर मुद्रा अर्कै सरकारको स्विकार्नुपर्ने प्रथा अन्त्य गरी दूरका नेपालीमा राष्ट्रियताको ऊर्जा थपेको थियो ।"

त्यस्तै तत्कालीन समयमा सरकारी कामकाजका लागि समेत भारतीय मुद्रा प्रयोग गर्ने चलन बसेको थियो, जसले गर्दा अर्थतन्त्रको वास्तविक आकार कति छ भन्ने छुट्याउन गाह्रो भएको थियो । यस्तो हुनुको प्रमुख कारणमा पहिलो कुरा त भारतिय मुद्रा कति मात्रामा प्रवाह गर्ने भन्ने निर्णय लिनु नेपाल राष्ट्रको वशमा थिएन भने अर्को कारण बजारको अधिकांश हिस्सा छायाँ बजारका रूपमा रहेको थियो । कसले कति रुपैयाँको व्यापार गऱ्यो र सोबापत कति राजस्व/दस्तुर बुझायो भन्ने आकलन गर्न नै कठिन थियो, जसले गर्दा नेपालका हाट बजार र सहरहरू बजारभन्दा पनि भारतीय मुद्रामा कारोबार गरिने ट्रान्जिट व्यापारिक एकाइ जस्ता देखिने गर्थे ।

हुन त आजको दिनमा पनि सारा अर्थतन्त्रलाई जोड्ने र सारा व्यवसायीलाई राष्ट्रको अपनत्व दिलाउने एउटै साझा वस्तु मुद्राभन्दा बाहेक अरू के नै छ र ? परन्तु, कम्पनी/फर्म दर्ताको अभ्यास, विश्व व्यापार संघको सदस्यता र बजेट सार्वजनिक गर्ने प्रचलनले अर्थतन्त्रका विभिन्न अवयवबीच केही साझा बिन्दुहरू भेट्न सक्छौं । झन् आजभन्दा ६३ वर्ष पहिले त एकीकृत अर्थतन्त्र हुने गुन्जायस नै थिएन, तर साझा मुद्राले बजारमा व्यापार सहज भयो भने सोही समयपश्चात् भारतीय मुद्रासँग नेपाली मुद्राको सटही दर निर्धारणले व्यापारिक अनिश्चितताको अन्त्य गऱ्यो । तत्कालीन समयको यही दिव्य निर्णयले आजसम्म पनि नेपाली अर्थतन्त्रलाई दिशा निर्देश गरेको छ । देश लामो समयसम्म द्वन्द्वमा भासिँदासमेत युद्धग्रस्त अन्य देशहरूको तुलनामा नेपालको अर्थतन्त्र औसत रहनुमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् अवलम्बन गरेको आर्थिक उदारीकरणको नीति र भारतीय मुद्रासँगको नेपाली मुद्राको स्थिर विनिमय दरले भूमिका खेलेका थिए । यदि देश उसैगरी द्वन्द्वको चपेटामा परेको भए र आर्थिक उदारीकरण तथा भारतिय मुद्रासँग नेपाली मुद्राको स्थिर विनिमयदर निर्धारण नभइदिएको भए देशको अर्थतन्त्र कुन हदसम्म तहसनहस भइसकेको हुन्थ्यो भन्ने कुरा कल्पना गर्दासमेत आङ सिरिङ्ग हुन्छ ।

दैनिक आवश्यकता पूर्ति गर्न विनिमयको ताकत भरिएको सामान्य कागज वा धातु मात्र हैन मुद्रा । यो त राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय प्रतिष्ठाको जीवित दस्तावेज पनि हो । भारतीय मुद्रामा गान्धी मुस्कारा'छन्, बेलायतको मुद्रामा महारानीले ब्रिटिस साम्राज्यको याद दिलाउँछिन, अमेरिकी मुद्रामा उपनिवेशमुक्त चित्र चम्किन्छ, क्यानडाको मुद्रामा म्यापलका पात सुसेली खेल्छन्, सिंगापुरको मुद्रामा पन्छी चिरबिराउँछन् । के प्राणी, के भुगोल सिंगो पारिस्थितिक प्रणाली मुद्रामा झल्किन्छ । हुम्लाको लिमी हिमालदेखि मधेसको जनकपुरसम्म नेपाली मुद्रामा अटाएका छन् । मान्छेले बिर्सेका सम्पदा मुद्राले बचाएको छ । मान्छे-मान्छेमा गुमेको साख मुद्रामा अझ जीवितै छ । आज नेपालमा भारतीय मुद्रा होइन, बरु सीमावर्ती भारतीय सहरमा नेपाली मुद्रा चलेका छन् । अझ, रुपडिया, रक्सौल, जोगवनी, गौरीफन्टा र वनबासामा सामानको मूल्य नै नेपाली मुद्रामा तोकिएको पाईन्छ ।

२०१६ सालमा राजा महेन्द्रले नेपाली मुद्रा कानुनी रूपले ग्राह्य रहेको घोषणा गरिरहँदा भारुबिनाको दैनिकी कल्पना गर्न नसक्ने आमनेपाली २०७६ सम्म आइपुग्दा नेपाली मुद्राको प्रयोगमा अभ्यस्त भइसकेका छन् । आज संसारमा नै केन्द्रीय बैंकको प्रमुख काम नै मुद्रा नीति तयार/समीक्षा गर्नु रहेको छ । नेपालमा पनि आव २०५९/६० देखि मौद्रिक निति सार्वजनिक गरी राष्ट्रिय बजेटसँग अर्थतन्त्रका हरेक क्षेत्र जोड्न सहयोग गर्ने काम भइरहेको छ । आधिकारिक रूपमै मौद्रिक एकाइ रुपैयाँ भएको हुँदा तुलनात्मक रूपमा बजार व्यवस्थित र पारदर्शी बन्नमा सहयोग पुगेको छ । यति हुँदाहुँदै पनि निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन, जाली नोट निराकरण र नोट संरक्षण गरी नेपाली मुद्राको साख जोगाइराख्नु भने कम चुनौतीको काम अवश्य पनि होइन ।

# द्रुतमार्ग निर्माणमा कोरोनाको प्रभाव शून्य



**काठमाडौं/रासस–** राष्ट्रिय गौरवको काठमाडौं-तराई-मधेश द्रुतमार्ग 'फास्ट ट्र्याक' निर्माणमा चीनको उहानबाट फैलिएको कोरोना भाइरस (कोभिड-१९)को हालसम्म कुनै असर परेको छैन । नेपाली सेनाको व्यवस्थापनमा चार वर्षभित्र पूरा गर्ने लक्ष्य लिइएको उक्त आयोजना कार्ययोजनानुरूप सम्पूर्ण काम अघि बढिरहेको छ ।

मुलुकको आर्थिक विकासको मेरुदण्डका रूपमा लिइएको द्रुतमार्ग निर्माण सेनाले इतिहास रच्ने अवसरका रूपमा लिएर कामलाई तीव्रता दिएको छ । उक्त आयोजनामा हालसम्म कुनै पनि चिनियाँ ठेकेदार र कामदार संलग्न नभएका कारण कोभिड-१९ को असर नपरेको हो । खरिद ऐनको प्रक्रिया र केही नीतिगत निर्णयका कारण हुने ढिलाइबाहेक आयोजना अघि बढाउने सन्दर्भमा हालसम्म कुनै बाधाअड्चन नभएको हुँदा कार्ययोजनानुसार नै काम भइरहेको नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले स्पष्ट पारे । आयोजना अहिले परामर्शदाता कम्पनी छनोटका क्रममा छ ।

राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक चासो दिएर हेरिएको ७२.६ किलोमिटर लम्बाइको उक्त राजमार्गको निर्माणले नेपालको आर्थिक विकासमा कायापलट ल्याउने विश्वास गरिएको छ । द्रुतमार्गमा रहने ठूला-साना ८७ पुलमध्ये विशेष प्रकारका १६, ठूला ४९ र साना २५ पुल छन् । उक्त राजमार्गले ललितपुरमा ७.७, काठमाडौँमा चार, मकवानपुरमा ५३.२ र बारामा ७.६ किलोमिटर क्षेत्र समेट्नेछ । सेनाले जटिल मानिएका ठूला १६ पुलको निर्माण आगामी २०७७ सालको पुसमा शुरु गर्नेछ भने तीबाहेकका अरू पुलको निर्माण आगामी भदौदेखि शुरु गर्ने बताइएको छ । उक्त मार्गमा ९९ कल्भर्ट निर्माण हुनेछन् ।

महादेव डाँडामा ३.३५५, धेद्रेमा १.६३ र लेनडाँडा १.४३ किमी लम्बाइका बोग्लाबेग्लै आते/जाते गर्न मिल्ने सुरुङ निर्माण गरिनेछ । मख्खुबेँसी, महादेवडाँडा, लेनडाँडा, राजदमार र निजगढमा माटो परीक्षणका लागि प्रयोगशाला बनाइएको छ । उक्त मार्ग निर्माणका क्रममा कटान गर्नुपर्ने ९७ प्रतिशत रूख काटिइसकिएको छ ।

आयोजनालाई अघि बढाउने क्रममा २८ लाख घनमिटर माटो कटान गरिएको छ भने सडक छेउको पर्खाल निर्माण र माटो भर्ने काम पनि द्रुतगतिमै अघि बढेको छ । नेपाली सेनाले मख्खुबेँसी, सिस्नेरी, लेडडाँडा, बुदुने, महादेव डाँडा, धेद्रे, राजदमार, बागदेव र निजगढ क्याम्प खडा गरी कटिङ तथा फिलिङको काम गरिहेको छ । बाराको निजगढ इलाकाको १० किलोमिटर क्षेत्रमा द्रुतमार्गले २७ मिटर फराकिलो आकार लिइसकेको छ ।

दर्जनौँको संख्यामा स्काभेटर, डोजर, लोडर, टिपरसहितको जनशक्ति अहिले अहोरात्र खटिरहेको छ । आगामी आर्थिक वर्षको प्रारम्भमै सुरुङ र पुललाई ११ वटा क्लस्टरमा विभाजन गरी तोकिएकै समयावधिभित्र पूरा गर्ने हिसाबले एकैसाथ काम अघि बढाउने प्रवक्ता पाण्डेले जानकारी दिए ।

हाल आयोजनाको सडक खण्डमा पर्ने क्षेत्रमा कटान तथा माटो भर्ने काम भइरहेको छ । यो काम आगामी असार मसान्तभित्रै सम्पन्न हुँदैछ । आयोजनामा पुल र सुरुङबाहेकको खण्ड ५५.५ किलोमिटर हुनेछ । सोमध्ये कूल ३१ किलोमिटरको काम करिब सम्पन्न भएको छ ।

काठमाडौँ उपत्यकालाई तराईसँग सडक सञ्जालमा जोड्ने सबैभन्दा छोटो दूरीको उक्त द्रुतमार्गको लागत अनुमान रु एक खर्ब ७५ अर्ब रहने अनुमान गरिएको छ । आयोजनाको समष्टिगत प्रगति नौ प्रतिशत र वित्तीय प्रगति पनि सोही हाराहारीमा छ ।

ललितपुरको खोकनाबाट शुरु भई बाराको निजगढमा पुगेर पूर्वपश्चिम राजमार्गमा जेडिने उक्त द्रुतमार्गको ट्र्याक पनि नेपाली सेनाले नै खनेको थियो । निजगढमा बन्ने अन्तराष्ट्रिय विमानस्थलले यो सडकको महत्वलाई अझ उजागर गर्नेछ । नेपाली सेनाले आवश्यकतानुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका परामर्शदाता र ठेकेदारको सहयोग लिएर सडक निर्माण गर्नेछ । राष्ट्रिय गौरवको त्यसमाथि हालसम्मकै ठूलो आयोजना निर्माण प्रक्रिया द्रुतरूपमा नै अगाडि बढेको छ । निर्माण कार्यलाई तीव्रता दिने क्रममा सडकलाई २४ क्षेत्रमा विभाजन गरेर विदेशी तथा स्वदेशी निर्माण व्यवसायीबाट काम गराउने प्रयास भइरहेको छ ।

द्रुतमार्गका लागि सुरुङ र विशेष प्रकारका पुल निर्माणलाई भने सेनाले चुनौतीका रूपमा लिएको छ । सडक निर्माणका लागि मात्रै पनि ३०० टन विस्फोटक पदार्थ आवश्यक पर्ने अनुमान गरिएको छ । दायाँबायाँ ५० मिटर जग्गा अधिग्रहण गरिएको २७ मिटर चौडाइको उक्त राजमार्ग चार लेनको हुनेछ ।

# धरहराको ९ तला ठडियो, असोजसम्ममा तयार हुने

**काठमाडौं/मस–** गोरखा भूकम्पले क्षति पुऱ्याएको ऐतिहासिक धरहरा पुनःनिर्माण विसं २०७७ असोज महिना भित्रमा सक्ने गरी तीव्र अघि बढेको छ । नौतलाको काम जारी रहेको , हालसम्मको ३३ प्रतिशत सम्पन्न र रु ८५ करोड खर्च भएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदाविज्ञ राजुमान मानन्धरले जानकारी गराए ।

दुई वर्षमा सम्पन्न गर्नेगरी रमन कन्सट्रक्शनले पुनःनिर्माणको जिम्मा पाएको थियो । जम्मा रु तीन अर्ब ४८ करोड खर्च हुने जनाइएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गतवर्ष धरहरा पुनः निर्माणको शिलान्यास गरेका थिए । अहिले दैनिक १५० कामदार निर्माणमा खटिएका छन् । पहिलाको भन्दा नयाँ बन्ने धरहराको चौडाइ ठूलो हुनेछ । दुईवटा लिफ्ट पनि हुनेछ । साथै एउटा परम्परागत भऱ्याङ रहनेछ । लिफ्ट र भऱ्याङ दुईवटै माध्यमबाट धरहरा चढ्न सकिनेछ । ४२ रोपनी क्षेत्रफलमा निर्माण शुरु गरिएको धरहरा बाहिरबाट हेर्दा ११ तलाको हुने भएता पनि भित्र भने २२ तला,उचाइ ७२ मिटर र ४८ फिटको बेस रहनेछ ।

बगैँचा, सङ्ग्रहालय, रङ्गीन जलफोहरा, प्रदर्शनी हल, पार्किङस्थल, पसललगायत रहनेछन् । गोश्वारा हुलाक भएको स्थानमा उद्यान बनाइनेछ । उद्यानभित्र बस्ने ठाउँ, ढुङ्गेधारा, हरियाली, चमेनागृह हुनेछ । धरहरामा पढ्न चाहने, ध्यान गर्न चाहने या बस्न चाहने सबैका लागि सुविधा उपलब्ध हुनेछन् ।

बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री हुने र त्यहाँ आउने अवलोकनकर्ता सवारी साधनको व्यवस्थित पार्किङ गर्न सकिने गरी पुनर्निर्माण हुनेछ । पुरातात्विक हिसाबले महत्व बोकेको काठमाडौँलाई सुरक्षित र आकर्षित बनाउन ऐतिहासिक सम्पदाको पुनःनिर्माण अत्यावश्यक भएको काठमाडौँ महानगरपालिकाले जनाएको छ ।

# पर्यटनमन्त्रीसँग चिनियाँ राजदूतको भेटवार्ता



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईसँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले मंगलबार भेट गरी कोरोना भाइरसको रोकथामका लागि पूर्वतयारीबारे जिज्ञासा राखेकी छन् । पर्यटन मन्त्रालयमा मंगलबार भएको उक्त भेटमा कोरोना भाइरसको विश्वव्यापी संक्रमण र यसबाट निम्तन सक्ने समस्या तथा रोग नियन्त्रण, रोकथाम उपायको पूर्वतयारीको अवस्थाबारे कुराकानी भएको पर्यटन मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि चीनको अनुभवबारेमा जानकारी गराउँदै राजदूत यान्छीले कोरोना संक्रमणबाट पीडित ८० हजार ९०० बिरामीमध्ये ५९ हजार चिनियाँ नागरिक उपचारपछि घर फर्किएको जानकारी गराइन् । राजदूत यान्छीले नेपालमा कोरोना भाइरसको संक्रमण नफैलिने विश्वास व्यक्त गर्दै यदि नेपालमा समस्या भए नियन्त्रणका लागि चीनको पूरा सहयोग रहने बताइन् । उनले कोरोनाको सम्भावित जोखिमबाट बच्न नेपालले अपनाएको पूर्वसतर्कता र तयारीको प्रशंसासमेत गरिन् । कोरोना भाइरसको संक्रमण नियन्त्रण र रोकथामका लागि अपनाएका सबै खालका प्रविधि, औषधि र सूचना नेपाललाई दिन चीन सरकार तयार रहेको उनले बताइन् ।

भेटमा पर्यटनमन्त्री भट्टराईले कोरोना भाइरसको समस्याबाट चीन चाँडै मुक्त हुन लागेकोमा खुशी व्यक्त गर्दै कोरोनाको जोखिम रोकथामका लागि नेपालले सबै तयारी गरिरहेको जानकारी दिए ।


## बीमालेख हराएको सूचना

नेपाल लाइफ इन्स्योरेन्स क.लि. ले जारी गरेको श्री सुनेना आचार्य बीमालेख नं. १२५०२०३१४ बीमालेख मिति २०७५/०५/१० गते हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
शाखा कार्यालय, काठमाडौं
फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०

## बीमालेख हराएको सूचना

नेपाल लाइफ इन्स्योरेन्स क.लि. ले जारी गरेको श्री कृष्टिना कार्की बीमालेख नं १३९०००४५३ र सनिशा महर्जन बीमालेख नं १०१०५१८४९ को बीमालेख मिति २०७५/०५/१० गते हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
शाखा कार्यालय, काठमाडौं
फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०

## कतारमा रोजगार

कम्पनी : CHITWAN SAFARI CONTRACTING & CLEAN AND HOSPITALITY SERVICES — शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/२७ | चलानी नं: ६०१५१५०७ | LT. No.: 232673 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 36 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 4. | Foremen | 1 | 0 | | 2500 | ८१,२०० | | | | | | | |
| 5. | Tile Maker | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 6. | Instal Technician | 2 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 7. | Plaster Worker | 2 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 8. | Brick Mason | 2 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 9. | Supervisior | 1 | 0 | | 2500 | ८१,२०० | | | | | | | |
| 10. | Electric Tech | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 11. | Carpenter | 2 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 12. | Electrician General | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 13. | Mason | 1 | 0 | | 1100 | ३५,७३० | | | | | | | |
| 14. | Heavy Equipment Driver | 1 | 0 | | 1900 | ६१,७१० | | | | | | | |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**आस्था इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.**
पो.ब.नं.: २१७०६, टोखा रोड, गोंगबु, काठमाडौं, फोन: ४३८५८०२, ४३६५२८८, ४३८९६६८
E-mail : aasthamanpower@gmail.com, Web. : aasthaoverseasnepal.com

## मलेसियामा रोजगार

कम्पनी : INTER WIN ENGINEERING SDN BHD — शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ | चलानी नं: ६०१५०४०७ | LT. No.: 231416 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 14 | 0 | स. काममा दक्ष | 1200 | ३३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**निम्बस ह्युमन रिसोर्स प्रा. लि.** श्रम इजाजत नं.: ७५४/०६४/०६५
जि.पि.ओ. ब.नं. २६३१७, सामाखुसी-२९, काठमाण्डौं, नेपाल, फ्याक्स : ४३५७१९५
फोन: ४३८०४९९, ४३८०५०४, Email : info@nimbushr.com
मो.: ९८५११७०००२, ९८५१००९६७१, ९८४११४९४१७, ९८१०३२४१८२

## Malaysia मा रोजगार — Dynacast (Melaka) Sdn.Bhd.

पूर्व स्वीकृती मिति: २०७६/११/२७ | चलानी नं.: ६०१५३२४३ | LT No. 234542

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 18 | साधारण | 1200 | ३३,६८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७६ चैत्र ५ गते (18 March) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग तिनकुनेमा सम्पर्क राख्नुहोला ।

**Grand Fortune Employment Services Pvt. Ltd.**
Lic. No.: 1024/068/069
Sinamangal, Kathmandu, Nepal, Ph. : 4461577, 4461568

## साउदीमा रोजगारको अवसर

कम्पनी: JUBARA M. AL MUDAHKI FACTORY CO.TILES — शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७६/११/२७ | चलानी नं.: ६०१५३२०३ | LT. No.: 234321

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Polisher Operator | 1 | 0 | स. काममा दक्ष | 2500 | ७८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर माईन्डस् प्रा. लि.** श्रम इजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

## साउदीमा रोजगार

१. कम्पनी MOHAMMAD OWAID LYADAH AL HARBI CONSTRUCTIONAL CONTRACTING EST. — शहर SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२३ | चलानी नं: ६०१५३११७ | LT. No.: 234581

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी MANAR AL NOUR ELECTRICITY SYSTEMS AND FIRE — शहर SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/२३ | चलानी नं: ६०१५३१७२ | LT. No.: 234344

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 1 | 0 | स. काममा दक्ष | 1300 | ४०,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा चैत ५ गते (18 Mcrch 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसि: २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्स: ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com

## SAUDI मा रोजगार — Tawazun & Holol co. Ltd

पूर्व स्वीकृती मिति: २०७६/११/२७ | चलानी नं. : ६०१५३२०८ | LT No.: 234796

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 6 | 0 | साधारण | 1300 | ४१,२३५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०७६ चैत्र ५ गते (18 March) यस प्रा. लि. को कार्यालय कोटेश्वर काठमाडौंमा हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. १००५/०६८/६९
पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College संगै) काठमाडौं, नेपाल
फोन : ०१-५१००५०२, ५१००५०९, ९८०१०५१८१५, ९८१४७७८३७१, ९८०३२१००४१

## कतारमा रोजगारको अवसर

कम्पनी : HAPAG KAINAN RESTAURANT — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/२७ | चलानी नं.: ६०१५३२३५ | L.T. No.: 234686

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 3 | 0 | स. काममा दक्ष | 1500 | ४८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ५ गते (18 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने स्वाद जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्तक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल गण्डकी म्यानपावर प्रा. लि.**
सामाखुसी-३, काठमाडौं, फोन: ४३८७८७१, ४३५४३०९

## मलेशियामा रोजगार

1. UNITED PLASTICS SDN.BHD.
पुर्व स्विकृति मिति: २०७६।११।२७ | चलानी नं. ६०१५३२१२ | LT No.: 234615

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 15 | 1200 | 33610 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. GEOPANCAR SDN. BHD.
पुर्व स्विकृति मिति: २०७६।११।२७ | चलानी नं. ६०१५३२३१३ | LT No.: 234614

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKER | 100 | 1200 | 33610 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७६ चैत्र ५ गते (18 March 2020) हुनेछ।

सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
